# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## खडक नगरपालिका
## सप्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ४३८

मितिः २०७९।३।२१

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्षज्यू,
खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सप्तरी।

**कैफियत सहितको राय**

हामीले खडक नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. खडक नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ६० लाख १८ हजार बेरुजू देखिएकोमा प्रतिकृया, प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ४८ लाख ०९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ४३ लाख ६२ हजार, नियमित गर्नुपर्ने रू. १ करोड ४८ लाख ५६ हजार र पेश्की रू. १९ लाख ९२ हजार रहेको छ । नगरपालिकाको गतवर्ष रू.२० करोड ३७ लाख ५२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू. १६ करोड ५८ लाख ६६ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदम राज पौडेल)
नायब महालेखापरीक्षक

## खडक नगरपालिका, ससरी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३७ | २४६ | ५६०१८ | ० | ० | ० | ३७ | २४६ | ५६०१८ | ४८०९ | १४८५६ | ३४३६२ | ० | ० | ४९२१७ | १९९२ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ससरी | २०३७५२ | ० | ९३९०४ | १०९८४८ | ० | ५६०१८ | १६५८६६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : खडक नगरपालिका, सप्तरी , खडक नगरपालिका , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | KUNDAN KUMAR KARN | २०७८-६-११ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | NIRAJ KUMAR DEO | २०७७-१२-११ | |
| कार्यालय प्रमुख | RAM NARAYAN SAH | २०७७-८-२६ | |
| कार्यालय प्रमुख | MAHI NARAYAN CHAUDHARY | २०७६-१२-२८ | |
| लेखा प्रमुख | PRAMOD KUMAR SAH | २०७७-३-१० | |
| | | **बेरुजु रकम** | ५६,०१८,१४७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १४,२१,४५,०९४.२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,४५,५९,८९० | **चालु खर्च** | ४८,७७,११,७१३.४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०५,५२,००० | **पूँजीगत खर्च** | २५,१७,००,८८४.२१ |
| **राजश्व बाँडफाँट** | ९,२७,४३,२३१.१४ | **वित्तीय/अन्य व्यवस्था** | १,९९,२८,९५१.३१ |
| **आन्तरिक आय** | १,२०,६१,०८२.५६ | | |
| **अन्य आय** | २२,२८,३७,५५२.२ | | |
| **कुल आय** | ७८,२७,५३,७५५.९ | **कुल खर्च** | ७५,९३,४१,५४८.९२ |
| **बाँकी मौज्दात** | | १६,५५,५७,३०१.१८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस खडक नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, ९६.७८वर्ग किलोमिटर क्षेत्रफल तथा ५३ हजार ५४९ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ।तर नगरपालिकाले पेश गरेको वित्तिय विवरण निम्नानुसार रहेको छ।<br>**खड्क नगरपालिका, सप्तरी**<br>**आर्थिक विवरण** | |

| सि.नं | आय तर्फ | | रकम | सि.नं. | व्यय तर्फ | | रकम |
|---|---|---|---|---|---|---|---|
| १. | **गत वर्षको जिम्मेवारी** | | **१४२१४५०९४.२** | १. | **चालु खर्च** | | **३५३८६३७१३.४** |
| | चालु पुँजिगत | ५४३३६४३८.० | | | खडक नगर कार्यपालिका चालु | १३२४२७७७४.७१ | |
| | संचितकोष | ७५३०४२४१. | | | नगरपालिका महिला विकास चालु | ९९४९००. | |
| | धरौटी | १९७६२५५.६ | | | नगरपालिका - शिक्षा चालु | १९४१९९५.७ | |
| | प्रकोप व्यवस्थान कोष | ९२५८१५९.६ | | | नगरपालिका - स्वास्थ्य चालु | ४१०३३१७.०६ | |
| | आकष्मीक कोष खाता | १२७००००. | | | नगरपालिका - कृषि चालु | २७६९३० | |
| २. | **संघ अनुदान** | | **४३४५५९८९०.** | | संघीय सरकारबाट हस्तान्तरित चालु | २१३५५१८३४ | |
| | वितिय समानिकरण | १३६६०००००. | | | अन्य खर्चना पा चालु | ५६६९६१.६३ | |
| | शशर्त अनुदान | २९३१५९८९०. | | २. | **पुँजिगत खर्च** | | **२१५८७५२८३** |
| | समपुरक अनुदान | ४८०००००. | | | नगर पालिका पूंजीगत | १८८२७०७२० | |
| | | | | | नगरपालिका कृषि पूंजीगत | ६१९९७५ | |
| ३. | **प्रदेश अनुदान** | | **२०५५२०००.** | | संघीय सरकारबाट हस्तान्तरित पूंजीगत | १९३३३९७५ | |
| | वितिय समानिकरण | ७५५२०००. | | | प्रदेश सरकारबाट हस्तान्तरित पूंजीगत | ५७६२१०६ | |
| | शशर्त अनुदान | ८००००००. | | | अन्य खर्च | १८८८५०८.०१ | |
| | विशेष अनुदान | ३०००००० | | ३. | **विषयगत निकासा खर्च** | | **१६६७०६५८०.९४** |
| | समपुरक अनुदान | २००००००. | | | स्थानिय पूर्वधार विकास साझेदार पूंजीगत | १०६३५८०० | |
| | | | | | सामाजिक सुरक्षा तथा संरक्षण | १३३८४८००० | |
| ४. | **राजश्व बाँडफाँड** | | **९२७४३२३१.१४** | | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २२२२२७८०.९४ | |
| | संघ | ८७२००५९०.१४ | | ४. | **प्रकोप व्यवस्थापन कोष चालु पुँजिगत** | | **१८१३४४५८.३३** |
| | प्रदेश | ५५४२६४१. | | ५. | **विविध खर्च खाता सडक बोर्ड, पर्यटन बोर्ड** | | **२९६७०१९.८१** |
| ५. | **आन्तरिक आय** | | **१२०६१०८२.५६** | ६. | **धरौटी फिर्ता** | | **२३४५७४२.** |
| | आन्तरिक राजश्व नगरपालिका | ७७०६४९५.५६ | | ७. | **संचित कोष इ सि सि चार्ज** | | **२५.** |
| | आन्तरिक आय मालपोत | ४३५४५८७. | | ८ | **कर दाखिला बाँकी कार्यालय सञ्चालन कोष** | | **-५५१२७४.०२** |
| ६. | **प्रकोप व्यवस्थापन कोष** | | **१५८५००००.** | ९ | **मौज्दात** | | **१६५५५७३०१.१८** |
| ७. | **धरौटी आम्दानी** | | **७३५७१९०.८८** | | सँचितकोष | १३३३८५६१४.१ | |
| ८. | **आकष्मीक कोष खाता** | | **१२३९१८.** | | चालु | १२६६२४८१.५२ | |
| ९. | **विविध खर्च खाता** | | **४९५९९५७.३१** | | पुँजिगत | १६०९६७०.२९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१०.** | **विषयगत निकासा** | | **१६६७०६५८०.९४** | | आन्तरीक राजश्व | ० | |
| | स्थानिय पूर्वाधार विकास साझेदार | १०६३५८०० | | | प्रकोप व्यवस्थापन कोष | ७५२४९७५.२९ | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १३३८४८००० | | | विविध खर्च खाता | १९९२९३७.५ | |
| | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २२२२२७८०.९४ | | | आकष्मीक कोष खाता | १३९३९१८. | |
| **११.** | **अन्य आम्दानी** | | **२७८३९९०५.०७** | | धरौटी | ६९८७७०४.४८ | |
| | जनसहभागित | ११४६२३३८.४९ | | | | | |
| | पेश्की, बेरुजु फिर्ता | ७८१४७४.७ | | | | | |
| | लैंङ्गीक हिंसा | १००००० | | | | | |
| | अन्य (कन्टिन्जेन्सी लगायत) | १०३६०६८१ | | | | | |
| | पर्यटनकोष | ५००००० | | | | | |
| | सडक बोर्ड | १७५०००० | | | | | |
| | खर्च खातामा प्राप्त अन्य आम्दानी-चालु पूँजीगतमा | २८८५४१०.८८ | | | | | |
| | | जम्मा | **९२४८९८८५०.१** | | | जम्मा | **९२४८९८८५०.१** |

३ **वित्तीय विवरण परीक्षण**

३.१ वित्तिय विवरण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

**क.** नगरपालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

**ख.** स्थानिय तहले विभिन्न श्रोतबाट आम्दानी भएको रकम तथा संचतिकोषबाट चालु, पुँजिगत लगायत विभिन्न खातामा स्थानान्तरण गरेको रकम बास्तविक आम्दानी र स्थानान्तरण बमोजिमकै सुत्रमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । सुत्रमा आम्दानी बाँधिएको रकम सँग संचितकोष, चालु, पुँजिगतको बैंक विवरण भिडान गर्दा अधिकांश फरक पर्न गएको देखिन्छ । अनुदान निकासा बमोजिमनै सुत्रमा प्रविष्ट गर्नुपर्नेमा सो गरेको पाइएन ।

**ग.** एकीकृत आर्थिक विवरण अनुसार नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त समानिकरण, शसर्त, समपुरक, विशेष, राजश्व बाँडफाँड रकम रु.५४७८५५१२१.१४ आम्दानी भएकोमा सुत्रको आन्तिरक अनुदान खातामा रु.५४,६०,९१,५२९.७१ आम्दानी बाँधेकोमा रु. १७६३५९१.४३ घटी आम्दानी जनाएको देखिन्छ । सुत्र अनुसार आन्तरीक अनुदान खाताबाट संचितकोषमा रु.५३,१४,९१,५२९.७१ ट्रान्सफर गरेकोमा संचितकोषमा रु. ७३,७३,६६,३७१.४५ आम्दानी बाँधेको पाइयो । साथै संचितकोषबाट खर्च खातामा रु. ६४,१२,६५,७३८.०४ ट्रान्सफर भएकोमा खर्च खातामा रु.६४,९१,२६,२३०.०८ आम्दानी बाँधेको पाइयो । यसरी फरक आम्दानी बाँधनाले सुत्रको म.ले.प.फारम २७२ को अनुसुची २४ बैङ्क तथा नगद बाँकीमा बैङ्क कारोबारमा भिन्नता (राजश्व खाता र सञ्चित कोष खाता) मा रु.(२०,५८,७४,८४१.७४) र बैङ्क कारोबारमा भिन्नता (सञ्चितकोष खाता र खर्च खातामा) रु.(७८,६०,४९२.०४) रहेको छ । अनुदान निकासा बमोजिमनै सुत्रमा प्रविष्ट गर्नुपर्नेमा सो नगरेकोले सुत्र अनुसार बैङ्क तथा नगद बाँकीले आर्थिक अवस्थाको यर्थाथ चित्रण गर्दैन । तसर्थ नगरपालिकाको पेश गरेको एकिकृत आर्थिक विवरणलाइ आधारमानी लेखापरीक्षण सम्पन्न गरीएको छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | **घ. फरक आम्दानीः** सुत्र अनुसार संचितकोषमा गत बर्षको मौज्दात रकम आन्तरीक श्रोतमा रु १२,९६,४०,६५४.५० उल्लेख भएकोमा पुन यस बर्ष रु १२,९६,४०,६५४.५० आम्दानी भएको जनाइ दोहरो आम्दानी बाँधेको पाइयो । त्यस्तै एकीकृत आर्थीक विवरण अनुसार जनसहभागीताबाट रु ११४६२३३८.४९ प्राप्त भएकोमा सुत्रमा रु २,००,००,००० आम्दानी बाँधेकोमा रु ८५३७६६१.५१ बढी आम्दानी बाँधेको पाइयो । राजश्व बाँडफाँड बाट रु ९२७४३२३१.१४ प्राप्त भएकोमा सुत्रमा रु ८,२४,३५,९३६.९५ आम्दानि बाँधेकोमा रु १०३०७२९४.१७ घटी आम्दानी बाँधेको पाइयो । एकीकृत आर्थीक विवरण तथा कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरी बाट प्राप्त विवरण अनुसार संघिय सशर्त अनुदान रु २९३१५९८९०. प्राप्त भएकोमा रु ३४१५८७७८० आम्दानी बाँधेको पाइयो । अनुदान निकासा बमोजिमनै सुत्रमा प्रविष्ट गर्नुपर्दछ ।<br>**ङ.** कार्यालयवाट पेश गरेको एकीकृत आर्थिक विवरणमा अन्य आय शिर्षकमा रु.१३२४६०९२.०० देखाएको छ । कार्यालयले कन्टीन्जेन्सी लगायतको विभिन्न शिर्षकमा उक्त आम्दानी भएको जनाएकोमा उक्त आय पुष्टी हुने कागजात लेखापरीक्षणमा पेश भएको छैन । आम्दानी पुष्टी हुने कागजात पेश हुनुपर्दछ ।<br>**च. अन्य खर्चः** नगरपालिकाले पेश गरेको एकीकृत आर्थीक विवरणमा अन्य खर्च चालु तर्फ रु५६६९६१.६३ र पुँजिगत तर्फ रु१८८८५०८.०१ गरी जम्मा रु २४५५४६९.६४ रहेको छ । यस्तो खर्च चालु तथा पूंजीगत प्रकृतिको नै भएकोले सम्बन्धित शिर्षकमा लेखाङ्कन गर्नु पर्नेमा अलग शिर्षक राखेको कारण प्रस्तुत वित्तिय विवरणले यथार्थ आर्थिक अवस्थाको चित्रण गर्दैन । **छ.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३.२ | | | **फरक जिम्मेबारीः** गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार जम्म रु. १४,२१,४५,२२४.९९ रकम मौज्दा रहेको पाइयो । कार्यालयले लेखापरीक्षण प्रतिवेदन बमोजिमको गत बर्षको जिम्मेवारी रकम उल्लेख गरी एकीकृत आर्थिक विवरण तयार गरी पेश गरेकोमा सुत्रमा निम्नानुसारको शिर्षकमा फरक जिम्मेवारी प्रविष्टी गरेको पाइयो । यसरी सुत्रमा लेखापरीक्षण प्रतिवेदन भन्दा रु. १९२२११७६.६८ बढी जिम्मेवारी सारेको सम्वन्धमा यकीन गर्नुहुनुपर्दछ । | |

| शिर्षक | गत बर्षको मौज्दात | | फरक |
|---|---|---|---|
| | सुत्र अनुसार | एकीकृत आ वि अनुसार | |
| धरौटी | ११०७४३२.२८ | १९७६२५५.६ | (८६८८२३°३२) |
| प्रकोपव्यवस्थान कोष | १७१५०००० | ९२५८१५९.६ | ७८९१८४०°४० |
| आकष्मीक कोषखाता | ९२५८१५९.६० | १२७००००. | ७९८८१५९°६० |
| बिबिध खर्च खाता/कोष (ग २-७) | ४२१०००० | ० | ४२१००००°०० |
| जम्मा | ३१७२५५९१.८ | १२५०४४१५.२ | १९२२११७६.६८ |

| | | | | |
|---|---|---|---|---|
| ३.३ | | | **बैंक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु १०१२८१२३२.४९ फरक पर्न गएको छ । नगरपालिकाले फरक आम्दानी बाँधनाले सुत्रको म.ले.प.फारम २७२ को अनुसुची २४ बैङ्क तथा नगद बाँकीमा बैङ्क कारोबारमा भिन्नता (राजश्व खाता र सञ्चित कोष खाता) मा रु.(२०,५८,७४,८४१.७४) र बैङ्क कारोबारमा भिन्नता (सञ्चितकोष खाता र खर्च खातामा) रु.(७८,६०,४९२.०४) रहेको छ । बैंक हिसाब मिलान विवरण तयार गरी फरक हिसाव यकिन गनुपर्दछ । | |

| क्रसं | खाताको नाम | श्रेष्ता अनुसार बाँकी | बैंक स्टेटमेन्ट अनुसार बाँकी (असार ३१) | फरक |
|---|---|---|---|---|
| १ | सँचितकोष | २२५७४१२८७.९१ | १३९२०१०६६.३४ | (८६५४०२२१.५७) |
| २ | चालु | ३८४३७०५६.५१ | ४२०८५८८२.४४ | ३६४८८२५.९३ |
| ३ | पुँजिगत | ४१४१९८५२.८३ | २६०९१२०७.०५ | (१५३२८६४५.७८) |
| ४ | आन्तरीक अनुदानखाता | १२१००००० | ० | (१२१०००००.००) |
| ५ | राजश्वबाँडफाँड | २५००००० | ० | (२५०००००.००) |
| ६ | प्रकोपव्यवस्थापन कोष | १६३२४९७५.२९ | १०९६३८९४.५९ | (५३६१०८०.७) |
| ७ | विविधखर्च खाता | ४२४०००० | २१७९३९६.५ | (२०६०६०३.५०) |
| ८ | आकष्मीककोष खाता | ० | १३९३९१८. | १३९३९१८.०० |
| ९ | धरौटी | ६६८९९८.१५ | ७०६२७०४.४८ | ६३९३७०६.३३ |
| ११ | राजश्व खाता र सञ्चित कोष खातामा भिन्नता | (२०५८७४८४१.७४) | ० | २०५८७४८४१.७४ |
| १२ | सञ्चितकोष खाता र खर्च खातामा भिन्नता | (७८६०४९२.०४) | ० | ७८६०४९२.०४ |
| | जम्मा | १२७६९६८३६.९१ | २२८९७८०६९.४ | १०१२८१२३२.४९ |

| | | | | |
|---|---|---|---|---|
| ३.४ | | | **संचितकोषमा स्थानान्तरणः** एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक बर्षको अन्तमा स्थानीय तहको संचितकोषमा स्थानान्तरण गर्नुपर्नेमा आर्थिक बर्ष समाप्त पश्चात पनि चालु खर्च खातामा रु. १२६६२४८१.५२, पुँजिगतमा रु.१६०९६७०.२९ विविध खर्च खातामा रु.१९९२९३७.५ गरी रु. १६२६५०८९.३१ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम संचितकोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ४ | | | **दायित्व बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले प्रकोप व्यवस्थापन कोष तर्फ कट्टा गरेको | ५९९,७८२ |

| | | | | |
|---|---|---|---|---|
| | | | निम्नानुसारको रु.५९९७८२.०२ कर तथा दायित्व सम्बन्धित राजश्व खातामा जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन । बाँकी कर दायित्व सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | |
| ५ | | | **अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले खर्च नभई बाँकी रहेको फ्रिज हुने रकम संघिय सरकारको रु.६३८६२५४२.३७ तथा प्रदेश सरकारको रु.५२३७८९४.२५ गरी जम्मा रु.६९१००४३६.६२ मिति २०७८/६/२० मा संचित कोष दाखिला गरेको छ । कानुनमा भएको व्यवस्था बमोजिम समयमानै फिर्ता गर्नुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको उपाध्यक्षले रु. ६३ करोड १२ लाख २१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/३/३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६.२ | | | **क्षेत्रगत बजेट तथा खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| विवरण | रकम |
|---|---|
| मुल्य अभिवृद्धि कर | २४७४।५५ |
| वहालकर अरका | ७१५० |
| सा° सु° कर | ३७१५।२२ |
| पारिश्रमिक कर | ५८६४४२।२५ |
| जम्माः | ५९९७८२.०२ |

| मुख्य क्षेत्र | बिनियोजन | खर्च रकम | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३,६०,७८,००० | २,२६,३८,८२१.५७ | ६२.७५ |
| सामाजिक विकास | २५,०७,५०,००० | २१,२४,५२,८५५.२८ | ८४.७३ |
| पूर्वाधार विकास | २१,६९,९७,०२२.६५ | १५,२५,०२,५३९.३३ | ७०.२८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८१,५१,००० | ३०,६५,२४६.१० | ३७.६१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १९,५२,१९,६८५.८५ | १७,७५,८४,३२५.१९ | ९०.९७ |
| कुल जम्मा | ७०,७१,९५,७०८.५० | ५६,८२,४३,७८७.४७ | ८०.३५ |

आर्थिक विकासमा विनियोजनको तुलनामा ६२.७५ प्रतिशत, पूर्वाधार विकासमा ७०.२८ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा ३७.६१ प्रतिशत मात्र खर्च भएको देखिन्छ । लक्ष्य अुनसार खर्च गर्न कार्यालयले ध्यान दिनु पर्दछ ।

६.३ **चौमासिक पूजिगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुंजीगत तर्फ प्रथम चौमासिकमा ९.७४ प्रतिशत, दोश्रो चौमासिकमा २६.५७ प्रतिशत र तेश्रो चौमासिकमा ६३.६७ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ३३.२३ प्रतिशत खर्च गरेको छ । वर्षको अन्तमा आएर बढी खर्च गरेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा अधिक खर्च गर्ने प्रवृतिमा नियन्त्रण हुनुपर्दछ ।

| पूँजिगत खर्च शिर्षक | कुल खर्च | चैमासिक खर्च | | | अषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | |
| ४ वटा शिर्षक | २१४३०९३७०.९४ | २०८८२८७२.११ | ५६९६१२१३.०६ | १३६४६५२८५.७७ | ७१२२३५५३.४६ |
| प्रतिशत | ७३.५४ | ९.७४ | २६.५७ | ६३.६७ | ३३.२३ |

७ **संगठन तथा कर्मचारी व्यवस्थापन**

७.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय

<table>
<tr><td></td><td></td><td></td><td>तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । कार्यालयवाट उपलव्ध विवरण अनुसार नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकी अधिकृत, सि.डि.इ, लेखा अधिकृत, जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>दरवन्दी वेगर कर्मचारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ५४ जना कर्मचारीहरु करारमा राखि रु.१,०१,९८,१९२ खर्च लेखेको छ । कार्यालयले स्वीकृत दरवन्दी अनुसार कर्मचारी पदपूर्ती गरी तलव भत्ता भुक्तानी गर्नुपर्दछ । तर कार्यालयले स्वीकृत दरवन्दी वेगर देहायका पदमा करारमा कर्मचारी नियुक्ती गरी तलव भत्ता भुक्तानी गरेको छ । स्वीकृत दरवन्दी वेगर तलव भत्ता भुक्तानी भएको नियमित नदेखिएको रु.
<table>
<tr><td>पद</td><td>संख्या</td><td>वार्षिक भुक्तानी</td></tr>
<tr><td>कानूनी सल्लाहकार</td><td>१</td><td>२३४०००.००</td></tr>
<tr><td>सहायक कर्मचारी</td><td>१</td><td>१३००००.००</td></tr>
<tr><td>सामाजिक परिचालिका</td><td>१</td><td>१७५५००.००</td></tr>
<tr><td>जम्माः</td><td></td><td>५३९५००</td></tr>
</table></td><td>५३९,५००</td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>तलबी प्रतिबेदन: निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ मा जिल्ला स्थित निजामती कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालय बाट तलबी प्रतिबेदन पारीत गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | नगरपालिकाले यो बर्ष तलबी प्रतिबेदन पारित नगराई नगरपालिका चालुको पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. २,१६,७६,९४१.३९ तथा संघीय सरकारबाट हस्तान्तरित चालुको स्वास्थ्य, शिक्षा लगायत अन्य तर्फ रु.१४,३४,२१,८३३.३८ गरी जम्मा रु.१६५०९८७७४.७७ खर्च लेखेको पाइयो । तलबी प्रतिबेदन पारीत बेगर खर्च लेखेकोमा तलब तथा ग्रेड सम्बन्धमा यकिन हुने आधार रहेन । तलबी प्रतिबेदन पारीत नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन् सक्ने भएकोले तलबी प्रतिबेदन पारित गराएर तलब भत्ता खर्च गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वय</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३ वटा नियमावली, ११ कार्यविधि लगायत, १ निर्देशिका गरी २४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ र यो बर्ष थप भएको ३९ गरी कुल ५० विवाद दर्ता भएकोमा ३४ वटा फछ्र्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>जिन्सी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(३) मा जिन्सी मालसामान तथा तत्सम्बन्धि स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने व्यवस्था छ । नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । साथै नियम १०० मा गत आर्थिक बर्षको मौज्दात, चालू आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको कुल सम्पत्ति तथा जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता माहालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने उल्लेख छ । कार्यालयले गत बर्ष मौज्दात रहेका र यस बर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा पूर्ण रुपमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । साथै पेश भएको जिन्सी निरीक्षण प्रतिवेदनमा सामानको मूल्य, अवस्था, स्पेशिफीकेशन खुलाएको छैन । यस नगरपालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ती हस्तान्तरण सम्बन्धमा समेत अभिलेख अद्यावधिक गरेको छैन । नगरपालिका तथा वडा कार्यालयमा रहेको जिन्सी सामानको अवस्था समेत निरीक्षण गरी जिन्सी मौज्दातको विवरण तयार गरी जिन्सी निरिक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>धरौटीवाट हिसाव मिलान<br>कार्यालयले आन्तरिक आय तर्फका ठेक्का सम्झौता गरी किस्ता असुल गर्दा ठेकेदारले किस्ता बुझाउँदा धरौटी राखेको रकम समेत किस्तामा मिलान गर्न दिएको निवेदनको आधारमा धरौटीवाट मिलान गरेको उल्लेख गरेको छ । तर निजहरुको आन्तरिक आय खातामा मिलान हुनुपर्ने निम्नानुसारको धरौटी रकम धरौटी खातामा रहेकोले उक्त रकम आन्तरिक आय खातामा आम्दानी जनाउनु पर्ने रु.
<table>
<tr><td>पोखरीको नाम</td><td>ठेकेदारको नाम</td><td>धरौटीवाट किस्ता मिलान गर्नुपर्ने रकम</td></tr>
<tr><td>चौधरीटोल भदियाको पोखरी वडा नं.८</td><td>कुलानन्द चौधरी</td><td>२३००.००</td></tr>
<tr><td>तिलोचनदाश पोखरी वडा नं.३</td><td>हेम नारायण चौधरी</td><td>११०००.००</td></tr>
<tr><td>कल्याणपुर हटीया वडा नं.७</td><td>कासिम मिया</td><td>१५०००.००</td></tr>
</table></td><td>२८,३००</td></tr>
<tr><td>११</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा</td><td></td></tr>
</table>

देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• नगरपालिकाले एक आर्थिक वर्षमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाको उक्त समितिले कार्य गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो ।

• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानीमा ETDS समेत गरेको छैन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप

समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । साथै कतिपय गोश्वारा भौचरमा कार्यालय प्रमुख तथा लेखा प्रमुखको हस्ताक्षर बेगर भुक्तानी भएको पाइयो ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन
।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• नगरपालिकाले कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिकामा समाहित भएका साविकका नगर विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११.२ | | | **आर्थिक कारोबारको लेखाङ्कन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । नगरपालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी चेकको बिबरण-२२०, प्राप्त रकमको मास्केवारी-२२२, सन्तुलन परिक्षण-२२५, बजेट रकमान्तर/ कार्यक्रम संसोधनको बिबरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण,परिबर्तन र स्थगन अभिलेख-९०२, सवारी साधन र मेशिन प्रयोगको लगबुक-९०५, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्विकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ । | |
| १२ | | | **उपभोक्ता समिति परीचालन**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । यस बर्ष उपभोक्ता समिति मार्फत सँचालन गरेका योजनाहरुको लागत अनुमान, सम्झौता रकम, कार्यसम्पन्न रकम, भुक्तानी सहितको एकिकृत विवरण नगरपालिकाको योजना शाखा सँग पटक पटक माग गरेकोमा पेश गरेको छैन जसले गर्दा लेखपारिक्षण योजना बमोजिम नुमाना छनौट गर्न कठिनाइ भएको छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष १२९ वटा योजनामा उपभोक्ता समिति मार्फत काम गराइ रु.७९९७२९३३ भुक्तानि भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरि लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्न नगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-<br>क) उपभोक्ता समिति गठन गर्दा गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगाबै सार्वजनिक गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>ख) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।<br>ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय बीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।<br>घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन । साथै सार्वजनिक खरिद नियमावलीको प्रतिकुल हुनेगरि समयमा काम नगर्ने उपभोक्ता समितिको म्याद थप गरेको छ । | |

ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूचि ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहेता पनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन गरेकोमा प्रतिवेदनमा अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरेको छैन ।

छ) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज) उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन ।

झ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात राखेको छैन ।

ञ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाइ र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ट) उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धी कर योग्य सामानमा मूल्य अभिवृद्धी कर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धी कर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिइएको मूल्य भन्दा घटी सामान खरिदको विल र सोमा मूल्य अभिवृद्धी कर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धी कर तिरेकोमा कार्यालयले जिल्ला दरकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा बढी मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धी कर भुक्तानी रकम यकिन गर्न सकिएन । यस सम्बन्धमा नगरपालिकालेनै छानविन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । यस समबन्धि उपभोक्ता समितिले पेश गरेको विलका केही उदाहरण निम्नानुसार छनः

| सामानको विवरण | उपभोक्तालाई मूल्याङ्कन गर्दा दिएको मू.अ.कर | सामान खरिदमा तिरेको मू.अ.कर | फरक |
|---|---|---|---|
| इटा प्रति गोटा | २.०८ | १.५६ | ०.५२ |
| सिमेन्ट प्रति बोरा | १२१.५८ | ८४.५ | ३७.०५ |
| डण्डी प्रति के.जी | ११.५७ | ९.७५ | १.८२ |

**ठ) सामुदायिक भवन मन्दिर तथा अन्य सार्वजनिक प्राकृतिका भवन एवं कम्पाउण्डवाल निर्माणः** सार्वजनिक निकायले सार्वजनिक स्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण कार्य गर्दा गाँपालिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नु पर्ने, आवश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र स्थानीय सरकार संचालन ऐनको दफा २४ समेतलाई ध्यान दिई योजनाको प्राथमिकीकरण गर्नु पर्नेमा नगरपालिकाले नक्सापास नगरी, जग्गा सार्वजनिक नहुदै व्यक्तिको मन्जुरीको आधारमा निर्माण गर्ने संरचनाको अत्यावश्यक भागहरुलाई वेवास्ता

| | | | | |
|---|---|---|---|---|
| | | | गरी आंशिक रुपमा योजना तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एवं गैह्रसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकाय संग समन्वय गरेको अभिलेख नराखेको, भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन र नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी निर्माण गर्ने पर्याप्त अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १३ | | | **खरिद व्यवस्थापन** | |
| १३.१ | | | **खरिद गुरुयोजना र योजनाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार १ बर्ष भन्दा बढी अवधिसम्म सञ्चालनहुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिदयोजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्डगरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोके अनुसारको खरिद योजना तयार गरेको छैन। योजनाले तोकेको समय भन्दा ढिलोगरी योजनाको कार्यान्वियन भए नभएको खरिद योजनामा समावेश नगरी कार्यान्वियन गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्नजाने देखिन्छ। बार्षिक खरिद कार्य लाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनका लागी नियमावलीको व्यवस्था बमोजिमको बार्षिक खरिद योजना तयार गर्नुपर्दछ । | |
| १३.२ | | | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ । | |
| १४ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले निम्न कर्मचारीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखियो । पेश भएको विवरण अनुसार पेश्की बाँकी रु ३३०४६१३.०० मध्ये लेखापरीक्षणको क्रममा रु १३१३००० फछ्र्यौट भइ निम्नानुसार रु. १९९१६१३ फछ्र्यौट गर्न वांकी रहेको पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु. | १,९९१,६१२.८९ |

| क्र सं | पेश्की लिने | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | हेल्थ असिस्टेन्ट मो जाकीरहुसेन | क्षयरोगका जोखिमयुक्त जनसंख्यामा सकृयक्षयरोग खोजपडताल कार्यक्रम | ६०००० |
| २ | हेल्थअसिस्टेन्ट मो जाकीर हुसेन | उपचारकेन्द्रहरुमा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी कार्यक्रमका | १३१८०० |
| ३ | हेल्थअसिस्टेन्ट मो जाकीर हुसेन | पी.बि.सी. बिरामीहरुलाई पोषणखर्च तथा सम्पर्क परीक्षण | १२००० |
| ४ | हेल्थअसिस्टेन्ट मो जाकीर हुसेन | उच्चजोखिममा रहेका समुदायमा विरामी खोजपड्ताल कार्यक्रम | ५०००० |
| ५ | हेल्थअसिस्टेन्ट मो जाकीर हुसेन | कुष्ठरोगकोविरामी परिवार तथा छिमेकीको सम्पर्क परिक्षण तथा LPEP सेवाको विस्तार | १००००० |
| ६ | हेल्थअसिस्टेन्ट मो जाकीर हुसेन | विधालयमाकुष्ठरोगबारे जनचेतना तथा परिक्षण कार्यक्रम | ३०००० |
| ७ | रेखा कुमारी चौधरी | लघु उद्यम विकास मोडेलमानयाँ लघु उद्यमी सिर्जना | २७२३०० |
| ८ | कविराज निरिक्षकराम प्रित गैम | स्तनपायीआमाहरुलाई स्तन्य दुग्ध वर्द्धक ओषधि वितरण | ३०००० |
| ९ | कविराज निरिक्षकराम प्रित गैम | गाउघर शहरी क्लिनिक तथा नसर्ने रोग व्यस्थापन कार्यक्रम | ९०००० |
| १० | कविराज निरिक्षकराम प्रित गैम | स्थानीयजडीवुटी परिचयात्मक तथा लागत संकलनकार्यक्रम | १००००० |
| ११ | कविराज निरिक्षकराम प्रित गैम | जेष्ठनागरिकशक्तिवर्द्धक रसायन औषधि वितरण | २०००० |
| १२ | सहायक पाँचौ मोईरफान अयुव | नयाँस्वास्थ्य चौकी उदघाटन कार्यक्रम | ८५००० |
| १४ | मो. जियाउल हक हक | घटनादर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन | १०५००० |
| १५ | शा. अ. रमाकान्तचौधरी | बैठकभत्ता | २००००० |
| १६ | कंचन भोलेनाथ जे भी | खडकन.पा.वडा नं ६ को वडा कार्यालय भवन निर्माण | ४५५१२.८९ |
| १७ | प्राथमिक स्वास्थ्य केन्द्र कल्याणपुरव्यबस्थापन समिति | प्रा.स्वा.के.कल्याणपूरसंचालन तथा व्यबस्थापन खर्च | ५००००० |
| १८ | कृष्ण कुमार यादव | विविधखर्च | १०००० |
| १९ | अमर कुमार यादव | अन्यसेवा शुल्क | ४०००० |
| २० | राम नारायण चौधरी | दिनाभद्रीमेला महोत्सव खर्च खडक न.पा.८ | १००००० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२१</td><td>कृष्ण कुमार यादव</td><td>विविधखर्च</td><td>१००००</td></tr><tr><td></td><td></td><td>जम्माः</td><td>१९९१६१३</td></tr></table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पारिश्रमीक कर<br>आयकर ऐन. २०५८ को दफा ८७ मा आयमा सोही दफाको अनुसूची १ वमोजिम भुक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका पदाधिकारीहरुलाइ २०७६ कार्तिक देखि २०७८ आषाढ मसान्तसम्मको सुविधा वापतको रकम यो वर्ष भुक्तानी गरेकोमा भुक्तानीमा १ प्रतिशतले मात्र करकट्टी गरेको छ । वार्षिक आय गणनामा नपुग कर रकम असुल गरी संचित कोष दाखिला गर्नपर्ने रु.<table><tr><td>पद</td><td>२०७६ कार्तिक देखि २०७८ आषाढसम्मको अनुगमन भत्ता कटाइ हुने आय</td><td>कर छुट रकम</td><td>करयोग्य आय</td><td>लाग्ने कर</td><td>कट्टी गरेको कर</td><td>नपुग कर रकम</td></tr><tr><td>नगर प्रमुख</td><td>५४४५००.००</td><td>४५००००.००</td><td>९४५००.००</td><td>९४५०.००</td><td>९४५.००</td><td>८५०५.००</td></tr><tr><td>नगर उप-प्रमुख</td><td>६०९०००.००</td><td>४५००००.००</td><td>१५९०००.००</td><td>२६८००.००</td><td>२६८०.००</td><td>२४१२०.००</td></tr><tr><td colspan="6">जम्माः</td><td>३२६२५.००</td></tr></table></td><td>३२,६२५</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>विविध खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले वर्षभरीमा विविध खर्च शिर्षकमा रु.६४,२८,९९०.१० विभिन्न कार्यमा खर्च गरेको छ । विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विल भरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । नगरपालिकाले यस बर्ष आन्तरीक राजश्वको तुलनामा ५३.२९ प्रतिशत विविध शिर्षकमा खर्च गरेको छ । विविध खर्चको स्पष्ट उद्धेश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत राखी विविध खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>आन्तरिक राजस्व</td><td></td></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>रोलर भाडाः नगरपालिकावाट प्राप्त विवरण अनुसार कार्यालयले रोलर, जेसिभि र सेफ्टीट्यांक सफागर्ने गाडी समेत भाडामा लगाइ आम्दानी गर्ने गरेको छ । प्राप्त विवरणमा यो वर्ष रोलर भाडा वापत रु.१८००००.०० आम्दानी गरेको देखिन्छ । तर जेसिभि र सेफ्टीट्यांक सफाइ गर्ने गाडीको भाडा वापत आम्दानी भएको देखिएन। कार्यालयले सवारी साधन प्रयोगको लगवुक राख्ने नगरेको कारण ती उपकरणहरुवाट भएको आम्दानी एकिन गर्न सकिएन । नगदी रसिदको आधारमा रोलर चलेको घण्टा गणना गरी आम्दानी गरेकोले उक्त आम्दानी यतिनै हो भनी एकिन गर्न सकिएन । साथै सवारी साधन प्रयोगको लगवुक अद्यावधिक गरी प्रयोग अनुसारको आम्दानी भए नभएको कार्यालयले एकिन गरी दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>उठ्न बांकी राजश्वः नगरपालिकावाट प्राप्त विवरण अनुसार आन्तरिक आयतर्फ गतविगत वर्षमा आय ठेक्का लगाएका देहायका ठेकेदारहरुवाट वार्षिक रुपमा प्राप्त हुनुपर्ने रकम २०७७।७८ सम्म प्राप्त भएको नदेखिएकोले सम्झौता वमोजिम प्राप्त हुनुपर्ने रकम सरकारी बांकी सरह व्याज सहित असुल गर्नुपर्ने रु.</td><td>६१४,९६५</td></tr>
</table>

| पोखरीको नाम | ठेकेदारको नाम | कूल ठेक्का रकम | वुझाउन बांकी रकम | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| | | | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | |
| डोमराही पोखरी वडा नं.११ | नारायण प्रसाद चौधरी | ५०००००.०० | ० | १५००००.०० | १५००००.०० | ३०००००.०० |
| पंसेरा ८ को अन्सारीटोल नजिकको पोखरी वडा नं ३ | मो. जाकिर अन्सारी | १८०००.०० | ० | ५४००.०० | ५४००.०० | १०८००.०० |
| मरनाही पोखरी वडा नं.११ | अर्जुन मण्डल | ७८०००.०० | ० | ० | ५९८००.०० | ५९८००.०० |
| डिहवार मन्दिर नजिकको पोखरी वडा नं.८ | राजदेव मण्डल | ५१०००.०० | ० | १५३००.०० | १५३००.०० | ३०६००.०० |
| अमहारोड छेउको पोखरी वडा नं.४ | हेम नारायण चौधरी | ६१०००.०० | ० | १८३००.०० | १८३००.०० | ३६६००.०० |
| करमनिया दह पोखरी वडा नं.४ | विश्वनाथ साह | ९००५१.०० | २०७६।७७ बाट ठेक्का लागेको | ० | २७०१५.०० | २७०१५.०० |
| अखडाहा भन्ने गोसाइ पोखरी र लवकी पोखरी संयुक्त वडा नं.१० | अनिल कुमार साह | ५००५००.०० | २०७६।७७ बाट ठेक्का लागेको | ० | १५०१५०.०० | १५०१५०.०० |
| जम्माः | | | | | | ६१४९६५.०० |

१७.३ **राजश्व दाखिलाः** नगरपालिकावाट पेश भएको वडागत र नगरपालिकाको वार्षिक राजश्व आम्दानीको तेरिज अनुसार रु.७४९१७०६.०० देखाइएको छ । नगरपालिकाको केही वडाहरुको नमूना छनौट गरी परीक्षण गर्दा वडा नं.६ ले २०७७ चैत्र देखि २०७८ आषाढसम्म कुनै पनि राजश्व दाखिला गरेको देखिएन । निजले वुझि लिएको नगदी रसिद र विद्युतिय माध्यमवाट आम्दानी गरेको समेत एकिन गरी दाखिला गर्न बांकी रकम सम्बन्धितवाट असुल गरी दाखिला गर्नुपर्दछ।

१७.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष आन्तरिक राजश्व रु.७४९१७०६.६५ आम्दानी देखाएकोमा सो आम्दानीमा प्रयोग हुने नगदी रसिद

| | | | | |
|---|---|---|---|---|
| | | | नियन्त्रण खाता अद्यावधिक नरहेको, वडाहरुले प्रयोग गरेका कम्प्यूटरकृत नगदी रसिद लेखापरीक्षणको क्रममा परीक्षण गर्दा कतिपय वडाले आर्थिक वर्ष २०७७।७८ मा कार्यालयवाट वुझेको भन्दा फरक नम्वरवाट काटिएको, वुझेको रसिद आर्थिक वर्षको अन्त्यमा फिर्ता गर्ने नगरेको, मासिक रुपमा रकम दाखिला हुने गरेको जस्ता कारणले आन्तरिक आय यथार्थपरक छ भनी लेखापरीक्षणवाट एकिन गर्न सकिएन । | |
| १८ | | | **नगरपालिका पुँजिगत तर्फ**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्नेमा सडक र नाला निर्माणमा सडक विभागको नर्म्स प्रयोग गर्नु पर्नेमा अन्य निकायको नर्म्स प्रयोग गरेको पाइयो । जसले गर्दा PCC (1:2:4) ढलानमा सडक विभागको नर्म्स प्रयोग गरी नगरपालिकाको निर्माण सामाग्रीको दररेट राख्दा प्रति धनमिटर रु.१०६४६.०० ले उपभोक्ता समितिलाइ भुक्तानी गर्नुपर्नेमा प्रतिघटर रु.११५४८.०० ले भुक्तानी गरेको छ । निर्माणको प्रकृती भन्दा फरक नर्म्स प्रयोग गरी देहायका योजनामा भुक्तानी गर्नाले देहाय बमोजिम थप व्ययभार परेको रु. | १,६८२,४४६ |

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | परिमाण घनमिटर | फरक दर | बढि व्ययभार रकम |
|---|---|---|---|---|
| **नगरपालिका पूंजीगत** | | | | |
| ५१-२०७७।११।२ | वडा नं.२ शिवु चौधरीको घरदेखि पूर्व सडक ढलान | ५८.४७ | ९०२.०० | ५२७३९.०० |
| ६७-२०७७।११।१९ | वडा नं.८ खोजपुर चोकदेखि पश्चिम वतराइ टोलसम्म सडक ढलान | ७२ | ९०२.०० | ६४९४४.०० |
| ७९-२०७७।१२।४ | वडा नं.८ मा राजेन्द्र चौधरीको घरदेखि नन्दीलाल चौधरीको घरसम्म सडक ढलान | ११६.४० | ९०२.०० | १०४९९२.०० |
| ९३-२०७८।१।५ | वडा नं.१ फुलमहमदको घरदेखि मनोज चौधरीको घरसम्म सडक ढलान | १६०.४५ | ९०२.०० | १४४७२५.०० |
| ९४-२०७८।१।६ | वडा नं.११ इद्रिसमियांको घरदेखिको सडक ढलान | ५७.३८ | ९०२.०० | ५१७५६.०० |
| ९५-२०७८।१।६ | वडा नं.११ मा विहारी साहको घरदेखि कल्भर्टसम्म सडक ढलान | ११३.५४ | ९०२.०० | १०२४१३.०० |
| १२०-२०७८।१।२० | वडा नं.५ मा रन्जितपुरको पछवारिया टोलमा आरसिसि ढलान | ५५.१७ | ९०२.०० | ४९७६३.०० |
| १६३-२०७८।२।१३ | वडा नं.१० मा त्रिपुरेश्वर ठाकुरको घरदेखि सगुरलाल चौधरीको घरसम्म सडक ढलान | ७५.६६ | ९०२.०० | ६८२४५.०० |
| १८२-२०७८।२।२२ | वडा नं.१० सगुरलाल चौधरीको घरदेखि गुलाममियांको घरसम्म सडक ढलान | १०२.०९ | ९०२.०० | ९२०८५.०० |
| १८९-२०७८।२।२३ | वडा नं.१० सुरेन्द्र यादवको पसलदेखि पोखरीसम्म वाटो ढलान | १०४.३७ | ९०२.०० | ९४१४१.०० |
| २००-२०७८।२।२७ | वडा नं.९ रा.प्रा.वि मैनाटोलमा कल्भर्ट देखि दक्षिण तर्फ सडक ढलान | २०९.२८ | ९०२.०० | १८८७७०.०० |
| २२९-२०७८।३।१५ | वडा नं.६ मा जानकी नगरको निमगाछी देखि काशिलाल चौधरीको घरसम्म सडक ढलान | १०१.४० | ९०२.०० | ९१४६२.०० |
| २३२-२०७८।३।१६ | वडा नं.३ मा स्वास्थ्यचौकी देखि मूल सडकसम्म सडक ढलान | ३२.०६ | ९०२.०० | २८९१८.०० |
| २३५-२०७८।३।१७ | वडा नं.११ हुलाकी सडक देखि सुकन चौधरीको घरसम्म सडक ढलान | २७ | ९०२.०० | २४३५४.०० |
| २३६-२०७८।३।१७ | वडा नं.४ शिव नारायण चौधरीको घरदेखि राम प्रसाद साहको घरसम्म सडक ढलान | ११०.३६ | ९०२.०० | ९९५४४.०० |
| २३८-२०७८।३।१७ | जगदिश पासवानको घरदेखि नयां सडकसम्म सडक ढलान | ५२.४१ | ९०२.०० | ४७२७३.०० |
| २४५-२०७८।३।३० | वडा नं.४ मा तेज ठाकुरको घरदेखि जिवछ चौधरीको घरसम्म सडक ढलान | ३३.७५ | ९०२.०० | ३०४४२.०० |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| २७८-२०७८।३।२४ | वडा नं.४ राजाजी मन्दिर देखि दक्षिण पक्की ढलान | ६३.५८ | ९०२.०० | ५७३४९.०० |
| २८१-२०७८।३।२४ | वडा नं.४ मा लोकमार्ग देखि रामकिशन सदाको घरसम्म पक्की ढलान | ६५.५४ | ९०२.०० | ५९११७.०० |
| **प्रदेश सरकार पूंजीगत** | | | | |
| २-२०७८।३।२४ | वडा नं.११ मा हुलाकी सडक देखि नन्काटोल ट्रान्सफरमरसम्म सडक ढलान | ११३.०४ | ९०२.०० | १०१९६२.०० |
| **स्थानीय पूर्वाधार विकास तथा साझेदारी कार्यक्रम** | | | | |
| १४-२०७८।३।२४ | वडा नं.३ वनरझुलामा सडक ढलान | १४१.३ | ९०२.०० | १२७४५२.०० |
| | जम्माः | | | १६८२४४६.०० |

१९

**बढी दर**

**वढी दरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित दरको आधारमा कार्य गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एउटै प्रकृतिको कार्यमा योजना अनुसार फरक फरक दर कायम गरी भुक्तानी गरेको छ । फरक दर कायम गरी भुक्तानी गर्नुपर्नाको कारण खुलासा गरेको छैन । तसर्थ फरक दर राखी वढी भुक्तानी भएको रकम एकिन गरी असुल गर्नुपर्ने रु

| भौ.नं मिति | योजनाको नाम | कामको विवरण | प्रति इकाइ भुक्तानी दिनुपर्ने दर | प्रति इकाइ भुक्तानी दर | कूल वढी भुक्तानी |
|---|---|---|---|---|---|
| १८२-२०७८।२।२२ | वडा नं.१० फुलवडिया सवुरलाल चौधरीको घर देखि गुलाममियांको घर सम्मको वाटो ढलान | **From work**५८.६८ व.मी | ४६२.०० | ९००.०० | २५७०१.०० |
| २००-२०७८।२।२७ | रा.प्रा.वि मैनाटोलमा कल्भर्ट निर्माण | **From work**१५७.५७ व.मी | ४६२.०० | ९००.०० | ६९०१५.०० |
| | जम्माः | | | | ९४७१६.०० |

९४,७१६

२०

**जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले ग्रामीण विद्युतीकरण, वोरिङ्ग र भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । विद्युतीकरण र वोरिङ्ग कार्यमा अधिकांश सामान खरिद गर्ने कार्य समेत उपभोक्ता समितिवाट गराएको छ । श्रम प्रदान प्रविधियुक्त कार्य मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेकाछन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
| --- | --- | --- | --- |
| **नगरपालिका पूंजीगत** | | | |
| १०९-२०७८।१।१६ | वडा नं.१ कृषि विद्युतीकरण उपभोक्ता समिति | वडा नं.१ कृषिका लागी तारपोल र ट्रान्सफरमर खरिद | ८२१४०८.०० |
| १२६-२०७८।१।२३ | वडा नं.९ कृषि विद्युतीकरण उपभोक्ता समिति | वडा नं. ९ मा कृषि विद्युतीकरण कार्य | ७५५०८८.०० |
| १२८-२०७८।१।२३ | वडा नं.६ कृषि विद्युतीकरण उपभोक्ता समिति | वडा नं.६ मा तारपोल खरिद तथा जडान | ३०८५७२.०० |
| १९५-२०७८।२।२४ | वडा नं.११ कृषि विद्युतीकरण उपभोक्ता समिति | वडा नं.११ मा तारपोल खरिद तथा जडान | ५६८९०८.०० |
| २२४-२०७८।३।१५ | वडा नं.१ मा अधुरो सामूदायिक भवन निर्माण उपभोक्ता समिति | वडा नं.१ मा अधुरो सामूदायिक भवन निर्माण | १०७६९७१.०० |
| २४४-२०७८।३।२० | वडा नं.१० कृषि विद्युतीकरण उपभोक्ता समिति | वडा नं.१० मा तारपोल खरिद तथा जडान | ७५४४१९.०० |
| २४८-२०७८।२।२१ | वडा नं.१० डगराही गाउँमा कृषि विद्युतीकरण उपभोक्ता समिति | वडा नं.१० मा तारपोल खरिद तथा जडान | ५३८३५०.०० |
| २४९-२०७८।३।२१ | वडा नं.१ कृषि विद्युतीकरण उपभोक्ता समिति | वडा नं.१ मा तारपोल खरिद तथा जडान | ७९४६१४.०० |
| २९७-२०७८।२।२५ | वडा नं.७ कृषि विद्युतीकरण उपभोक्ता समिति | वडा नं.७ मा तारपोल खरिद तथा जडान | ८९४१८८.०० |
| ३०३-२०७८।३।२५ | वडा नं.६ मा अधुरो सामूदायिक भवन निर्माण उपभोक्ता समिति | वडा नं.६ मा अधुरो सामूदायिक भवन निर्माण | ९०८४५०.०० |
| ३१५-२०७८।३।१५ | वडा नं.७ मा विद्युतीकरण उपभोक्ता समिति | वडा नं.७ मा ट्रान्सफरमर तारपोल खरिद तथा जडान | १०४३९४०.०० |
| **संघिय सरकारवाट हस्तान्तरित कार्यक्रम** | | | |
| १७-२०७८।२।१३ | वडा नं.८ मा डिप वोरिङ्ग जडान उपभोक्ता समिति | वडा नं.८ मा डिप वोरिङ्ग जडान | ३१३९६३६.०० |

नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२१

**कार्यक्षेत्र**

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम संचालन कार्यविधी नियमावली, २०७७ को नियम १० मा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित स्थानीयतहमा स्वीकृत भएको कार्यक्रम वमोजिमको रकम हस्तान्तरण गर्ने व्यवस्था मिलाउने उल्लेख छ । तर नगरपालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिर राजविराज नगरपालिकाको कार्य क्षेत्र भित्र पर्ने जिल्ला समन्वय समितिको भवनको कम्पाउण्डवाल र शनि मन्दिर मर्मत गरे वापत उपभोक्ता समितिसंग सम्झौता गरी रु.९३७७६१.०० भुक्तानी गरेको छ । नगरपालिकाको कार्य क्षेत्र वाहिरको निर्माण कार्य उपभोक्ता समितिसंग सम्झौता गराइ खर्च गर्न मिल्ने देखिंदैन ।

| | | | | |
|---|---|---|---|---|
| २२ | | | **प्राविधिक मूल्यांकन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकिएका शिर्षकको रकम वाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरी भुक्तानी निकासा वन्द गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा वजेट फ्रिज नगराउन देहायका विधालयलाइ निकासा दिइ निजहरुको वैंक खाता रोक्का गरेको पाइयो ।लेखापरीक्षण अवधीसम्ममा पनि उक्त रकमवाट निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन। नगरपालिकाले विद्यालय भवन निर्माण कार्य नहुंदै पुरै रकम निकाशा दिनु नियमसम्मत नदेखिएकोले निकासाबाट भएको विद्यालय भवन निर्माणको विल भर्पाइ, प्राविधिक मूल्याङ्कन सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १६,३३०,००० |

| सि.नं | विधालयको नाम | कार्यक्रम | निकासा रकम | मूल्यांकन प्राप्त रकम | मूल्यांकन प्राप्त हुन बांकी रकम |
|---|---|---|---|---|---|
| १ | ज.मा.वि पँसेरा | विद्यालय निर्माण | ३६०००००.०० | १०८००००.०० | २५२००००.०० |
| २ | रा.प्रा.वि अमरज्योती | विद्यालय निर्माण | ३६०००००.०० | १०८००००.०० | २५२००००.०० |
| ३ | रा.आ.वि दुहवी | विद्यालय निर्माण | १८०००००.०० | ० | १८०००००.०० |
| ४ | रा.आ.वि दुहवी | शौचालय निर्माण | ७०००००.०० | ० | ७०००००.०० |
| ५ | क.कि.भौ.मा.वि वनरझुला | शौचालय निर्माण | ७०००००.०० | २१००००.०० | ४९००००.०० |
| ६ | मदरसा तालेमुल कुर्आन वनरझुला | विद्यालय निर्माण | १८०००००.०० | ० | १८०००००.०० |
| ७ | मदरसा तालेमुल कुर्आन वनरझुला | शौचालय निर्माण | ७०००००.०० | ० | ७०००००.०० |
| ८ | रा.प्रा.वि अमरज्योती टोल | विद्यालय भवन | ३६०००००.०० | ० | ३६०००००.०० |
| ९ | मदरसा इरा प्रा.वि दावतनगर | शौचालय निर्माण | ७०००००.०० | ० | ७०००००.०० |
| १० | आधारभूत विद्यालय खोजपुर | रेक्टो फिटिङ्ग | १५०००००.०० | ० | १५०००००.०० |
| | जम्माः | | | | १६३३००००.०० |

| | | | | |
|---|---|---|---|---|
| २३ | ८२९ | २०७८-३-३० | **कार्य सम्पन्न प्रतिवेदन**<br>कार्यालयले भौ.नं.८२९-२०७८।३।३० वाट देहायका साइजका ह्यूम पाइप खरिद गरी राधाराज पोल तथा ह्यूम पाइप कंक्रिट उद्योगलाइ रु.२८७८७३.०० भुक्तानी गरेकोमा उक्त ह्यूम पाइप के कुन स्थानमा जडान भएको हो । जडान सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | २८७,८७३ |


https://nams.oag.gov.np

| सामानको नाम | विवरण | परिमाण |
|---|---|---|
| ह्यूम पाइप | **MP3 90 mm** | ४ गोटा |
| ह्यूम पाइप | **MP3 60 mm** | ९ गोटा |

२४

**प्राङ्गारिक मल खरिद**

१,४९१,०७०

कार्यपालिकाले कृषकको लागी प्राङगारिक मल खरिद गरी वितरण गर्न रु.४९९८०००.०० को लागत अनुमान तयार गरी वोलपत्रको सूचना प्रकाशन भएकोमा सोनाइ विज भण्डार एण्ड सप्लायर्सको १० केजीको वाल्टीन प्रति वाल्टीन रु.११९०.०० को वोलपत्र स्वीकृत गरी निजले ३० दिन भित्र सामान आपूर्ती गर्नेगरी २०७७।१०।७ मा सम्झौता गरे अनुसार २०७७।१०।१४ मा सामान सप्लाइ गरेको भनी रु.४९९८०००.०० भुक्तानी गरेको छ । उक्त खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

**क.** निज सप्लायर्ससंग भएको सम्झौतामा गुणस्तरिय सामान उपलव्ध गराउने उल्लेख भएकोमा निजले आपूर्ती गरेको मल तोकिएको स्पेसिफिकेशन अनुसार भए नभएको जांच नगरी कार्यालयले भुक्तानी गरेको छ ।

**ख.** खरिद गरिएका प्राङ्गारिक मल कार्यालयमा जिन्सी दाखिला गरी ११ वटा वडालाइ ४००० वाल्टीन र नगरपालिकामा २०० वाल्टीन राखेको मध्ये लेखापरीक्षण अवधी २०७८।१२।१ सम्म देहायका वडा तथा नगरपालिकाले कृषकलाइ वितरण गरेको भरपाइ पेश भएको छैन । मल वितरणको भरपाइ पेश हुनुपर्ने रु.

| कार्यालय | परिमाण | वितरण परिमाण | वितरण गर्न बांकी परिमाण | रकम |
|---|---|---|---|---|
| वडा नं.८ | ४०० वाल्टीन | ० | ४०० वाल्टीन | ४७६००० |
| वडा नं.६ | ३०० वाल्टीन | ० | ३०० वाल्टीन | ३५७००० |
| वडा नं.४ | ४०० वाल्टीन | ० | ४०० वाल्टीन | ४७६००० |
| नगरपालिका कार्यालय | २०० वाल्टीन | ४७ | १५३ वाल्टीन | १८२०७० |
| | | | | १४९१०७० |

२५

**कार्यसम्पादन जमानत**

७४६,२७२

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा कार्य सम्पादन जमानत दाखिला गर्दा वोलपत्रदाताले लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अङ्क कवुल गरेमा कवुल अङ्कको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा वढी घटेर कवुल गरेको अवस्थमा १५ प्रतिशत भन्दा जति रकमले घटी कवुल गरेको छ । सोको ५० प्रतिशतले हुन आउने रकम र कवुल अङ्कको ५ प्रतिशत थप गरी कार्य सम्पादन जमानत लिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका वडा कार्यालय भवन निर्माणको लागी निर्माण व्यवसायिले लागत अनुमानको तुलनामा १५ प्रतिशत भन्दा घटी अङ्क कवुल गरेकोमा उपरोक्त ऐनले तोके अनुसार कार्य सम्पादन जमानत लिएको पाइएन । घटी कार्य सम्पादन जमानत पेश हुनुपर्ने रु.

| विवरण | निर्माण व्यवसायी | लागत अनुमान | कबुल अङ्क | राख्नुपर्ने जमानत | राखेको जमानत | नपुग जमानत |
|---|---|---|---|---|---|---|
| ६ नं. वडा कार्यालय भवन निर्माण | कन्चन भोलेनाथ जेभी | १९४०१९६२ | ११७१७१०५ | २९७३१३६ | २६००००० | ३७३१३६ |
| ८ नं. वडा कार्यालय भवन निर्माण | कन्चन भोलेनाथ जेभी | १९४०१९६२ | ११७१७१०५ | २९७३१३६ | २६००००० | ३७३१३६ |
| जम्माः | | | | | | ७४६२७२ |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **नगरपालिका भवन निर्माण**<br>नगरपालिका भवन निर्माणको लागी भेरिएसन आदेश समेतको लागत अनुमान रु.८६६६६६३३.०० मा वोलपत्रको माध्यमवाट निर्माण व्यवसायी ओमसाइराम कन्स्ट्रक्सनसंग रु.७३४४५८५७.०० को कवोल गरेकोमा भेरिएशन आदेश पछी उक्त सम्फौता रकम रु.७७०७९८४८.०० पुगेको छ । यो वर्ष तेस्रो देखि आठौ तथा अन्तिम विलसम्म भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| २६.१ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेशजारी गर्नसक्ने व्यवस्था छ । कार्यालयले भवन निर्माणको क्रममा निर्माण व्यवसायीसंग सम्झौता भइ सकेपछी शुरु सम्झौता रकमको ४.९५ प्रतिशत भेरिएसन गरी सम्झौता रकम रु.७७०७९८४८.०० पुगेको छ । भेरिएसनमा लिफ्टको प्यासेन्जर बोक्ने क्षमता १५ जना र चारतल्लाको हुनुपर्नेमा भूलवश दुइतल्लाको मात्र भएको कारण जनाइ लिफ्टको क्षमता वृद्धि गर्नु परेको कारण देखाइ लिफ्टको शुरु सम्झौता रकम रु.३०००००००.०० हटाइ रु.४४७५२९९.०० कायम गरिएको छ । नयाँ आइटमको रुपमा थप गरिएको लिफ्टको लागत अनुमानकै आधारमा निर्माण व्यवसायीवाट कार्य गर्नेगरी भेरएसन आदेश जारी गरेको छ । शुरु ठेक्का सम्झौता हुंदा निर्माण व्यवसायी लागत अनुमानको तुलनामा १९.८८ प्रतिशत घटेकोमा भेरिएसन आदेश जारी गर्दा सोही वमोजिम नघटाएको कारण लिफ्ट जडानमा मात्र कार्यालयलाइ रु.८४९८४५.०० वढी व्ययभार परेको छ । भेरिएसन आदेश जारी गर्दा मितव्ययी तरिकावाट कार्य गराउने गरी जारी हुनुपर्दछ । | |
| २६.२ | | | कार्यालयले भेरिएसन आदेश जारी गर्दा कतीपय आइटममा शुरु सम्झौताको परिमाण घटाएको र कतिपय आइटममा परिमाण वढाएको पाइयो । तर अन्तिम विल भुक्तानी हुंदा समेत भेरिएसनको परिमाण भन्दा थप हुने गरी भुक्तानी गरेको छ । भेरिएसन आदेश भन्दा थप गरी भुक्तानी भएको नियमिति नदेखिएको रु | ३,११७,१०२ |

| आइटम नं | व्यहोरा | शुरु सम्झौता परिमाण | भेरिएसन पश्चात कायम परिमाण | हाल भुक्तानी परिमाण | दर | भेरिएसन पश्चात वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ३ | **Earth work excavation in foundation** | ७१६.२२ घ.मी | १३८४.७६ घ.मी | १५५६ घ.मी | ४००.०० | ६८८००.०० |
| ९ | **PCC (1:2:4)** | ७१३.३३ घ.मी | ७०४.०५ घ.मी | ७३३.३७ घ.मी | १२५००.०० | ३६६५००.०० |
| १० | **PCC (1:2:4)** | ३५.४७ घ.मी | ३७.१५ घ.मी | १६०.७६ घ.मी | ११५००.०० | १४२२६६५.०० |
| ११ | **Reinforcement** | १४४०४५ केजी | १२९४५२ केजी | १३२२५४ केजी | ९५.०० | २६६१९०.०० |
| १२ | **Form work** | ३८६८.२२ व.मी | ४४०१.८३ व.मी | ४६७६ व.मी | ७५०.०० | २०७७०२.०० |
| १३ | **Brick work** | ४७८.५१ घ.मी | ५५१.५४ घ.मी | ५७९.७८ घ.मी | १०५००.०० | २९६५२०.०० |
| १७ | **Aluminium work** | २७.९४ व.मी | २७.९४ व.मी | ५४.६९ व.मी | ८०००.०० | २१४०००.०० |
| १८ | **Aluminium door** | १६.६९ व.मी | १३.५७ व.मी | ३०.१२ व.मी | ९५००.०० | १५७२२५.०० |
| ३१ | **Plaster** | ६३६४ व.मी | ७१४१ व.मी | ७३७६ व.मी | ५००.०० | ११७५००.०० |
| | जम्माः | | | | | ३११७१०२.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २६.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भवन निर्माणको निर्माण व्यवसायी ओमसाइराम कन्स्ट्रक्सनलाइ सातौं तथा आठौं विल भुक्तानी गर्दा निर्माण व्यवसायीको कर विजक वेगर भुक्तानी गरेको छ । कर विजक वेगर भुक्तानी भएको मू.अ.कर निजले आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण गर्नुपर्ने रु. | १,७७५,१७५ | |

| भौ.नं मिति | विवरण | कूल भुक्तानी | मू.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|
| २-२०७८।१।१६ | सातौं रनिङ्ग विल | ७२२७५०४.०० | ८३१४८२.९९ | न.पा पूंजीगत समेतको भुक्तानी |
| ४-२०७८।३।२३ | आठौं विल | ८२०२८६८.०० | ९४३६९२.०० | |
| | | | १७७५१७४.९९ | |

२६.४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा निर्माण व्यवसायीलाइ अन्तिम विल भुक्तानी गर्दा कार्य स्वीकार प्रतिवेदन लिइ भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यो वर्ष प्राविधिक मूल्यांकनमा अन्तिम विल उल्लेख गरेतापनि कार्य स्वीकार प्रतिवेदन तयार गरेको छैन ।

२७ **घटी अवधीको कार्य सम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक कार्य सम्पादन जमानतको मान्य अवधी त्यस्तो सम्झौतामा उल्लेखित अन्तिम अवधीभर निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधी भन्दा १ महिनाको वढी अवधीको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले देहायको निर्माण कार्यको निर्माण व्यवसायीसंग सम्झौता गर्दा त्रुटी सच्याउने अवधी भन्दा कम अवधीको मात्र कार्य सम्पादन जमानत लिएको पाइयो । त्रुटी सच्याउने अवधीसम्मको कार्य सम्पादन जमानत पेश हुनुपर्दछ ।

| विवरण | निर्माण व्यवसायी | कार्य सम्पादन जमानत रकम | सम्झौता अवधी | कार्य सम्पादन जमानत पेश हुनुपर्ने अवधी | पेश भएको अवधी | थप गर्नुपर्ने अवधी |
|---|---|---|---|---|---|---|
| ६ नं. वडा कार्यालय भवन निर्माण | कन्चन भोलेनाथ जेभी | २६००००० | २०७८।३।१५ | २०७९।४।१५ | २०७८।२।१६ | २०७९।४।१५ |
| ८ नं. वडा कार्यालय भवन निर्माण | कन्चन भोलेनाथ जेभी | २६००००० | २०७८।३।१५ | २०७९।४।१५ | २०७८।२।१६ | २०७९।४।१५ |

२८ **विजुली महसुलमा जरिवाना** १४९,४५३

कार्यालयले प्रत्येक महिनामा नियमित रुपमा धारा विजुली महसुल तिरी सो वापत छुट समेत लिनु पर्नेमा कार्यालयमा प्रयाप्त वजेट व्यवस्था हुंदा हुंदै भौ.नं.५११-२०७८।१।१५ मा विजुली महसुल भुक्तानी गर्दा जरिवाना वापत रु.१४९४५२.९० भुक्तानी गरेको पाइयो । प्रयाप्त वजेट हुंदा हुंदै समयमै महसुल भुक्तानी नगरी २५ प्रतिशत र थप ५ प्रतिशत समेत जरिवाना भुक्तानी गरेको नियमित नदेखिएको रु.

२९ **परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरिएको छ । यो वर्ष विभिन्न कार्य परामर्शदातावाट गराइ देहाय वमोजिम भुक्तानी गरेको छ ।

| भौ.नं.मिति | विवरण | परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|---|
| **पूंजीगत** | | | |
| ३४०-२०७८।३।३० | चापिङ्ग नदीमा पुल निर्माणको डिपिआर तयार | मेशु इन्जिनियरिङ्ग कन्सल्टेन्ट | ९८२८५७.०० |
| ७१-२०७७।११।२० | जोखिम सम्वेदनशिलता तथा भू उपयोग अध्ययन | मिडिया रिसर्च एण्ड डेभलपमेन्ट | ४९४९४०.०० |
| ७२-२०७७।११।२० | नगरपालिका गानको अडियो तथा लोगो निर्माण | कमन इन्टरनेशनल मिडिया प्रा.लि | ४९४९४०.०० |
| ७३-२०७७।११।२० | संगठन विकास र कार्य विवरण | स्टन मिडिया रिसर्च एण्ड डेभलपमेन्ट | ४९४९४०.०० |
| ७४-२०७७।११।२० | वालमैत्री स्थानीय साशन संचालन रणनैतिक योजना तयारी | ओपन मिडिया एण्ड कन्सल्टेन्सी | ४९७०००.०० |
| **चालु** | | | |
| ७२८-२०७८।३।२४ | इमा/चिल्ड्रेन पार्कको डिपिआर | नवज्योती इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५९४७१२.०० |
| ७३१-२०७८।३।२५ | वेङ्गाडावरमा पर्यटन प्रवर्धनको लागी डिपिआर | जय सूर्य कन्सल्टेन्ट प्रा.लि | ९८९२५८.०० |
| ८२२-२०७८।३।३० | खडक नदी नहरको लागी डिपिआर निर्माण | सनराइज इन्जिनियरिङ्ग कन्सल्टेन्ट | ९९८२०१.०० |

**(क)** परामर्श सेवाको लागी लागत अनुमान तयार गर्दा लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणमा पेश भएन । यसले गर्दा कार्यालयवाट स्वीकृत लागत अनुमान यथार्थपरक छ भनी एकिन हुन सकिएन ।

**(ख)** परामर्श सेवा लिएका प्रतिवेदन मध्ये के कती योजना कार्वान्वयन भए र कति हुन बांकी छ सोको विवरण पेश भएन । कार्यान्वयन हुन सक्ने योजनाको मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ ।

**(ग)** कार्यालयको प्राविधिक जनशक्तीवाट हुन नसक्ने योजना माग आउट सोसिङ्ग गरी कार्य गराउनु पर्नेमा कार्यालयको जनशक्तिवाट हुन सक्ने नसक्ने एकिन नगरी परामर्शदातावाट कार्य गराएको पाइयो ।

३०

**टुक्रा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सिमिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ मा रु.२० लाखसम्मको मालसामान खरिद र निर्माण कार्य गर्दा शिलवन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले एउटै प्रकृतिको कार्य टुक्रा टुक्रा गरी खरिद तथा निर्माण कार्य गरेको छ । ऐन तथा नियमावली विपरित सोझै खरिद गरेको नियमित नदेखिएको रु.

३,२९७,९५५



https://nams.oag.gov.np

| भौ.नं मिति | आपूर्तक | विवरण | रकम |
|---|---|---|---|
| २२-२०७७।९।३ | कालिका अटोलिंक | मोटरसाइकल खरिद | २६८९००.०० |
| २५-२०७७।९।५ | खान अटोमोवाइल्स एण्ड इलेक्ट्रोनिक्स | मोटरसाइकल खरिद | ४०३८००.०० |
| ८८-२०७७।१२।२४ | शिवम् ट्रेडिङ्ग एण्ड सप्लायर्स | मोटरसाइकल खरिद | २१००००.०० |
| १४६-२०७८।२।३ | न्यूखान अटोमोवाइल्स एण्ड इलेक्ट्रोनिक्स | मोटरसाइकल खरिद | २०६९००.०० |
| १४७-२०७८।२।३ | न्यूखान अटोमोवाइल्स एण्ड इलेक्ट्रोनिक्स | मोटरसाइकल खरिद | २७१९००.०० |
| ३०४-२०७८।३।२५ | वावा पशुपती निर्माण सेवा | वडा नं.५ मा विजुलीको तार पोल जडान | ४८५८०७.०० |
| ३०५-२०७८।३।२५ | शिव निर्माण सेवा | वडा नं.५ कृषि तारपोल खरिद तथा जडान | ४८६१७१.०० |
| ३१७-२०७८।३।२८ | जाल्पा निर्माण सेवा | वडा नं.५ कृषि तारपोल खरिद तथा जडान | ४७८३०४.०० |
| ३३३-२०७८।३।२९ | सिंह कन्स्ट्रक्सन | वडा नं.५ कृषि तारपोल खरिद तथा जडान | ४८६१७३.०० |
| | जम्माः | | ३२९७९५५.०० |

३१

**औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १(क) मा पचास लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्रको माध्यम बाट र सो भन्दा माथिको बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले यस बर्ष औषधी खरिदमा गरेको खर्च सम्बन्धी देखिएका व्यहोरा निम्नछनः

(क) नगरपालिकाले पटक पटक गरी स्वास्थ्य चालुवाट यो वर्ष रु.१९९६५०२.००, संघिय सशर्त चालुवाट रु.९८१२७७.०० को औषधी शिलवन्दी दरभाउपत्रको माध्यवाट र सोको अतिरिक्त नगरपालिका चालुवाट रु.१३६४३७४.०० र संघिय सशर्त चालुवाट रु.३४९९९४.०० को औषधी कोटेशनको माध्यमवाट खरिद गरेको छ । औषधी खरिद गर्दा आवश्यकताको पहिचान गरी शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा सो नगरी पटक पटक केही शिलवन्दी र केही कोटेशनको माध्यमवाट सिधै खरिद गरेको नियमित देखिएन ।

(ख) खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

(ग) आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

(घ) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघी स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।


https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td>(ङ) औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको तथा जिन्सी खाता अध्यावधिक नरहेकोले के कती औषधी हस्तान्तरण भएको तथा कती मौज्दात रहेको भन्ने एकिन गर्ने आधार रहेन ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>शिक्षा तर्फ<br>तलबी प्रतिवेदनः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को खण्ड २.१ मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन पारित गराइ सो बमोजिम निकासा गर्नुपर्नेमा सो नगरेको, शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश, दरबन्दी बमोजिमको पदपूर्ति विवरण लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइ ४१ वटा विद्यालयलाई रु.११७३४९०५९.०० तलब निकासा गरेको पाइयो । लेखापरीक्षण योजना बमोजिम २५ प्रतिशत विद्यालयको माग फारम बमोजिमको निकासा भिडान गरिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित तलबी प्रतिवेदन बेगर तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दी बमोजिमको निकासा भिडान गर्न सकिएन । तलवी प्रतिवेदन पारित गराइ विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>ग्रेड बढी निकाशा<br>प्रा.वि. तृतिय तहको शिक्षकलाइ पारिश्रमिक भुक्तानी गर्दा अधिकतम ग्रेड ६ पाउने व्यवस्था छ । भ.स.रा.ज.मा.वि. कल्याणपुरमा कार्यरत प्रा.वि. तृतिय शिक्षक अन्जु कुमारी चौधरीको दोश्रो चौमासिकमा ७ ग्रेड र तेश्रो चौमासिकमा ८ ग्रेडको दरले ८ महिनाको ११ ग्रेड बढी निकासा भएको छ । प्रति ग्रेड रु.८८७.०० का दरले ११ ग्रेडको रु.९७५७.०० मा संचयकोष थप समेत रु.१०७३२.७० बढी निकासा भएको छ । बढी निकासा भएको असुल गर्नुपर्ने रु.</td><td>१०,७३३</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>तलव बढी निकाशा<br>निम्नानुसारको विद्यालयमा माग फारम भन्दा रु ९३१३९.५० बढी तलब निकासा भएको पाइयो । माग भन्दा बढी निकासा भएको असुल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालय</th><th>चौमासिक</th><th>आ.स. माग</th><th>निकासा</th><th>बढी निकासा</th></tr>
<tr><td>जनता मा.वि. पन्सेरा, सप्तरी</td><td>तेश्रो (आधारभुत)</td><td>१६२७७२२.३०</td><td>१६४४६४१</td><td>१६९१८.७</td></tr>
<tr><td>जनता मा.वि. लालपट्टी, सप्तरी</td><td>तेश्रो (आधारभुत)</td><td>१४९२५२५.८०</td><td>१५१७००३</td><td>२४४७७.२</td></tr>
<tr><td>रा.आ.वि. दुहवी</td><td>तेश्रो</td><td>८८९०१५.९०</td><td>९१२९६५</td><td>२३९४९.१</td></tr>
<tr><td>रा प्रा. वि. लालपुर बनौली</td><td>तेश्रो</td><td>९५९५०६.५०</td><td>९८७३०१</td><td>२७७९४.५</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>९३१३९.५</td></tr>
</table></td><td>९३,१३९.५</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>बढी निकासा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | नगरपालिकाले शिक्षकहरुलाइ चाडपर्व खर्च वापत हुने रकम पहिलो चौमासिकको असोज महिनामा निकासा गर्ने गरेको छ । निम्नानुसारको शिक्षकहरु उक्त अवधि पूर्व अवकाश भएकोमा चाडपर्व खर्च रकम थप गरी निकासा गरेको छ । उक्त शिक्षकहरुलाइ निवृतिभरण वापत भुक्तानि गर्दा चाडपर्व खर्च भुक्तानी हुनेमा अवकास पश्चातको सुविधा थप गरी निकासा गरेको नियमसंगत देखिदैन । यस्तो रकम असुल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.. | |

| विद्यालय | शिक्षक | अवकास मिति | निकासा हुनुपर्ने | निकासा रकम | बढी निकासा |
|---|---|---|---|---|---|
| श्री ५ महेन्द्र मा वि इनर्वा फुलवडीया | अशोक कुमार चौधरी | २०७७।५।९ | ५१९५०.४ | ८३६९० | ३१७३९.६ |
| मु ज रा प्रा वि ढोलबाजा | देव नारायण यादव | २०७७।४।६ | ६७७६.३ | ४११३३ | ३४३५९.७ |
| रा प्रा वि गरुराहा पंसेरा | नागेन्द्र प्रसाद रिसाल | २०७७।५।५ | ४६२७९.०४ | ८०९१० | ३४६३०.९ |
| | | | | जम्मा | १००७३०.२ |

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **प्राविधिक ग्रेड बढी निकासा**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ मा प्राविधिक धारमा कक्षा ११-१२ मा कार्यरत प्रशिक्षकको प्राविधिक भत्ता प्रति महिना ३ हजारको दरले अधिक्तम १० महिनाको मात्र निकासा गर्ने उल्लेख छ । श्री भ.स.रा.ज.मा.वि. कल्याणपुरमा प्राविधिक धार तर्फ कार्यरत ७ शिक्षकको तिनै चौमासिकमा मासिक रु.३०००.०० को दरले १२ महिनाको रु.२५२०००.०० निकासा भएको छ । अधिकतम १० महिनाको रु.२१००००.०० निकासा हुनुपर्नेमा रु.४२०००.०० बढी निकासा भएको छ। बढी निकासा भएको असुल हुनुपर्ने रु. | ४२,००० |
| ३७ | ११९ | २०७८-३-२७ | **बढी निकासा**<br>स्रोत कक्षा संचालन अनुदान अन्तर्गत आयाक पारिश्रमिकका लागी मासिक रु.१३४५०.०० र अतिरिक्त सुविधा वापत मासिक रु.५००.०० को दरले बार्षीक जम्मा रु.१८०८५०.०० निकासा उपलब्ध गराउने व्यवस्था छ । जनहित पवनलाल आ वि बनरझुलामा सुष्त श्रवण स्रोत कक्षा संचालनका लगी भौचर ८-७।१ बाट आयाको प्रथम चौमासीक पारिश्रमीक रु.६९२५०.००, भौचर ७४-१०।२७ बाट दोस्रो चौमासिक पारिश्रमीक रु.५५८००.०० निकासा गरेकोमा पुन भौचर ११९-३।१७ बाट ८ महिनाको रु.१११६००.०० गरी जम्मा रु.२३६६५०.०० निकासा भएको छ । यसरी बार्षिक निकासा हुनुपर्ने भन्दा ४ महिनाको पारिश्रमीक रु.५५८००.०० बढी निकासा भएको छ । बढी निकासा भएको असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु. | ५५,८०० |
| ३८ | | | **दिवा खाजा कार्यक्रम**<br>तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुका लागि प्रति विद्यार्थी रु.१५.०० का दरले १८० दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिने तथा विद्यालय संचालन भएको दिनलाइ मात्र आधार मानेर अनुदान दिने व्यवस्था छ । साथै स्थानिय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थि दैनिक हाजिरीपुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराइ स्थानीय तहमा सँकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिन सकिने व्यवस्था छ । नगरपालिकालेIEMISमा प्रविष्टी भएको विद्यार्थी संख्याको आधारमा ८० दिनको रु.६८९४०००.०० दिवा खाजा निकासा गरेकोमा दिवा खाजा संचालनको हेड काउन्ट तथा अनुगमन प्रतिवेदन पेश गरेको छैन । नगरपालिकाले दिवा खाजा निकासा गरेकोमा सो सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार छनः | |
| ३८.१ | | | दिवा खाजा कार्यक्रम अन्तर्गत निम्नानुसारको विद्यालयमा रु.२५४७६००.०० निकासा गरेकोमा उक्त विद्यायहरुले विद्यार्थी दैनिक हाजिरीपुस्तिका तथा<br>खर्चको विल भर्पाइ पेश भएको छैन । उक्त विद्यालयमा निकासा बमोजिको कार्यक्रम संचालनको विल भर्पाइ तथा प्रमाण कागजात पेश गर्नुपर्ने रु. | २,५४७,६०० |

| क्र.सं. | विद्यालय | निकासा रकम | | क्र.सं. | विद्यालय | निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री रा.आ.वि.सर्पा कल्याण्पुर | १०६८०० | | ११ | श्री ज.रा.प्रा.वि. कल्यापुर | २१९६०० |
| २ | श्री मुनर ज.रा.प्रा.वि. ढोलबाजा | १०३२०० | | १२ | श्री ज.रा.प्रा.वि. डगराही | ३०६००० |
| ३ | श्री जनता मुकुन्द आ.वि. बजराही गुठी | १५७२०० | | १३ | श्री बौकु जनता प्रा.वि. करमनियाँ | ७३२०० |
| ४ | श्री रा.तु.जो.ज. मा.वि. सिस्वा बेल्ही | १६३२०० | | १४ | श्री रा.प्रा.वि. मझौ | ६३६०० |
| ५ | श्री जनता मा.वि. भैरोगञ्ज बेल्हा | १०५६०० | | १५ | श्री ज.रा. प्रा. वि. खरचुहिया | १३४४०० |
| ६ | श्री जनता मा.वि. लालपट्टी | १३९२०० | | १६ | मदर्सा मोहमदिय दारुल हदिस बनरझुला | ९२४०० |
| ७ | श्री रा.प्रा.वि. मघबारी, खोजपूर | ८६४०० | | १७ | श्री युवा ज.जा.रा.प्रा.वि. सिस्वा बेल्ही | १५१२०० |
| ८ | श्री रा.आ.वि. कन्चिरा | १०४४०० | | १८ | श्री जनहित पवनलाल प्रा.वि. बनरझुला | २१४८०० |
| ९ | श्री रा.प्रा.वि. कन्चिरा | ९४८०० | | १९ | श्री इस्लामिया प्रा.वि. दावतनगर, सर्पा | ६९६०० |
| १० | श्री ज.रा.प्रा.वि. सिस्वा बेल्ही | १६२००० | | | जम्मा | २५४७६०० |

| | | | | |
|---|---|---|---|---|
| ३८.२ | ७६ | २०७७-१०-२७ | शिक्षण सिकाइमा विद्यार्थीहरुको सहमागीता वृद्धि गर्नु दिवा खाजा कार्यक्रमको उद्वेश्य रहेको छ । दिवा खाजा कार्यक्रम संचालन कार्यविधि २०७६ मा दिवा खाजा वापत सोझै विद्यार्थीलाइ रकम भुक्तानी गराउने व्यवस्था रहेको छैन । निम्नानुसारको विद्यालयमा दिवा खाजा संचालन नगरी एकमुष्ट विद्यार्थीलाइ रकम भुक्तानीको भर्पाइ पेश गरेको छ । पेश भएको कतिपय भर्पाइमा विद्यार्थी हाजिर विवरण संलग्न नरहेको, रकम उल्लेख नभएको तथा निकासा भन्दा घटी भर्पाइ पेश भएको छ । दिवा खाजा संचालन गरी सो वापतको विल भर्पाइको आधारमा मात्र खर्च लेख्नु पर्नेमा विद्यार्थीलाइ सोझै रकम बुझाएको नियमसंगत देखिदैन । साथै निम्नानुसारको विद्यालयमा निकासा भएको रकम भन्दा घटीको विद्यार्थी भर्पाइ पेश गरेकोले घटी रकम असुल गरि संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ३३१,०९० |


https://nams.oag.gov.np

| क्र.सं. | विद्यालय | निकासा रकम | भर्पाइ पेश | घटी भर्पाइ |
|---|---|---|---|---|
| १ | श्री रा प्रा वि बनौली | २३५२०० | २३४९१५ | २८५ |
| २ | श्री ५ महेन्द्र मा वि इनर्वा फूलबरिया | १७०४०० | १०५०४५ | ६५३५५ |
| ३ | श्री रा आ वि द्हबी | २८९२०० | २७१०८० | १८१२० |
| ४ | श्री जनता आ वि रञ्जितपुर | २१९६०० | १९३६३५ | २५९६५ |
| ५ | श्री क कि झौ मा वि बनरझुला | १७०४०० | १४८३९५ | २२००५ |
| ६ | श्री आ वि खोजपुर | २७३६०० | २७०९९५ | २६०५ |
| ७ | श्री इम्दादिया रा प्रा वि नन्कार बनौली | ३०८४०० | २५९५३० | ४८८७० |
| ८ | श्री रेशम रा प्रा वि खेसराहा | १३६८०० | १२१०६५ | १५७३५ |
| ९ | मदरसा फैजुल उलुम अमहा | २१७२०० | २०५६८० | ११५२० |
| १० | श्री रा प्रा वि मैन्हाटोल | ३५८८०० | २५९१७० | ९९६३० |
| ११ | मदरसा तालेमुल कुरान बनरझुला | ९३६०० | ८९९४० | ३६६० |
| १२ | श्री ज रा प्रा वि भदैया | १०५६०० | ९९८८५ | ५७१५ |
| १३ | श्री रा प्रा वि गरुराहा | १५९६०० | १४७९७५ | ११६२५ |
| | | | जम्मा | ३३१०९० |

| | | | | |
|---|---|---|---|---|
| ३९ | २१० | २०७८-३-१८ | **फरक शिर्षक**<br>प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री एवम् कक्षा ८ को परीक्षण व्यवस्थापन अनुदान शिर्षकबाट भ.स.रा.ज. मा. वि. मा कार्यरत प्राविधक तर्फको ल्याब टेक्निसीयन त्रीलोकी चौधरीको बार्षिक पारिश्रमिक रु.३६९९३०.०० निकासा भएको छ । माध्यमीक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत, प्राविधिक धारका प्रशिक्षकका लागी तलब भत्ता अनुदान शिर्षकबाट पारिश्रमीक भुक्तानी गर्नुपर्नेमा फरक शिर्षकबाट खर्च लेखेको अनियमीत देखिएको रु. | ३६९,९३० |
| ४० | ३२ | २०७८-३-२५ | **अनुगमन प्रतिवेदन** | १,९५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्जजिनक खरिद नियमावली, २०६४ को नियम ३९(५) मा खर्चको विलभरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले संघिय सरकारवाट हस्तान्तरित कार्यक्रम अन्तर्गत देहायका विद्यालयहरुलाइ देहायका शिर्षकमा रकम निकासा गरेकोमा विद्यालयले ती शिर्षकमा रकम खर्च गरेको विल भरपाइ र कार्यालायवाट अनुगमन गरेको प्रतिवेदन पेश भएको छैन । अनुगमन प्रतिवेदन सहितको विल भरपाइ पेश हुनुपर्ने रु | |
| ४१ | २२८ | २०७८-३-२२ | **CUG सेवा**<br>कोभिड १९ का कारण उत्पन्न परिस्थिति सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुका लागि प्रति विद्यार्थी ३७५ को दरले शिक्षक तथा विद्यार्थिहरुलाइ CUG सेवामा आवद्ध गर्न ४१ वटा विद्यालयहरुलाइ रु.१९४९२५०.०० निकासा गरेको छ । नगरपालिकाको शिक्षा शाखाले उक्त विद्यालयहरु सो सेवामा आवद्ध नभएको तथा खरिदको विल भर्पाइ पेश नगरेको जानकारी गराएको छ । यसरी तोकिएको कार्यक्रमको लागि निकासा भएको रकम खर्च नभएकोले असुल गरी सँघिय सँचितकोषमा दाखिला गर्नुपर्ने रु. | १,९४९,२५० |

| सि.नं | विद्यालयको नाम | विवरण | निकासा रकम |
|---|---|---|---|
| १ | रा.तु.जो.ज मा.वि सिसवावेली | पुस्तकालय स्थापना | ६५००००.०० |
| २ | क.कि.झौ मा.वि वनरझुला | विज्ञान प्रयोगशाला स्थापना | ६५००००.०० |
| ३ | भ.स.रा.ज मा.वि कल्याणपुर | कम्प्यूटर प्रयोगशाला | ६५००००.०० |
| | जम्माः | | १९५००००.०० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४१.१ | आधारभुत विद्यालय सर्पा कल्याणपूर | ३१,५०० |
| ४१.२ | मू.ज.रा.प्रा.बि ढोलबाजा | ७,१२५ |
| ४१.३ | जनजागृति रा.प्रा.बि. मुसहरनियाू | २०,२५० |
| ४१.४ | रा.प्रा.बि.बनौली | १८,००० |
| ४१.५ | श्री ५ महेन्द्र मा.वि. ईनर्वा फूलबरिया | १,८९,७५० |
| ४१.६ | आधारभुत विद्यालय बजराहीगूड्डी | ४०,८७५ |
| ४१.७ | रा.आ.वि. दूहबी | ६९,३७५ |
| ४१.८ | रा.तू.जो.ज. मा.वि. सिस्वा बेल्ही | २,८८,३७५ |
| ४१.९ | जनता आधारभूत विद्यालय रंजितपूर | ६५,२५० |
| ४१.१० | श्री जनता मा.वि. पंसेरा | १,७८,५०० |
| ४१.११ | रा.प्रा.बि.गरुराहा पंसेरा | १४,२५० |
| ४१.१२ | इम्दियाद रा.प्रा.बि.ननकार बनौली | ३१,५०० |
| ४१.१३ | श्री क.कि.झौ.मा.वि. बनरझूला | २,४७,१२५ |
| ४१.१४ | श्री जनता मा.वि. भैरोगञ्ज बेल्हा | १,०१,२५० |
| ४१.१५ | श्री जनता मा.वि. लालपट्टी | ७६,५०० |
| ४१.१६ | रा.प्र.बि.लालपुर बनौली | २५,५०० |
| ४१.१७ | आधारभुत विद्यालय खोजपूर | ५८,५०० |
| ४१.१८ | रा.प्रा.बि.मेघबारी खोजपूर | ७,१२५ |
| ४१.१९ | श्री भ.स.रा.ज.मा.वि. कल्याणपूर | २,३८,१२५ |

| | | |
|---|---|---|
| ४१.२० | रा.आ.वि.कंचिरा | २०,६२५ |
| ४१.२१ | रा.प्रा.बि.कंचिरा | ७,८७५ |
| ४१.२२ | रा.प्रा. बि.सिस्वा बेल्ही | १४,६२५ |
| ४१.२३ | रेशम रा.प्रा.बि. खेसराहा खोजपूर | १२,००० |
| ४१.२४ | ज.रा.प्रा.वि. कल्याणपूर | १५,३७५ |
| ४१.२५ | बागेश्वरी आधारभुत बिद्यालय अमहा | ४३,८७५ |
| ४१.२६ | ज.रा.प्रा.बि.डंगराही ईनर्वा फुलबडिया | २७,३७५ |
| ४१.२७ | बौकू जनता प्रा. बि.करमनियां पंसेरा | ९,३७५ |
| ४१.२८ | रा.प्रा.बि.मझौ कल्याणपूर | ४,८७५ |
| ४१.२९ | जनता रा.प्रा.बि. खोजपूर | ६,००० |
| ४१.३० | रा.प्रा.बि.अमरज्योति टोल बनौली | १५,७५० |
| ४१.३१ | रा.प्रा.बि.मैन्हाटोल मैन्हासहस्रबाहु | १८,७५० |
| ४१.३२ | य’वाजनजाग«ति रा.प्रा.वि. सिस्वा बेल्ही | १६,१२५ |
| ४१.३३ | जनहित प्रा.बि.बनरझुला | १८,००० |
| ४१.३४ | जनता रा.प्रा.बि.भदिया | ९,७५० |

| | | | | |
|---|---|---|---|---|
| ४२ | २२९ | २०७८-३-२२ | **स्वास्थ्य तथा सुरक्षा सामाग्री खरीद**<br>कोभिड १९ रोगको नियन्त्रण तथा व्यवस्थापनको लागि विद्यालयहरुलाई कक्षा १ देखि १२ सम्मको प्रति विद्यार्थी रु.२००.०० को दरले रु.१९४२२००.०० रकम निकासा गरेको छ । स्वास्थ्य तथा सुरक्षा मापदण्ड विकास गर्न तथा मास्क, स्यानिटाईजर लगायतका कोभिड रोगको नियन्त्रणका लागि आवश्यक औषधीजन्य सामाग्री खरिदको लागी निकासा भएको उक्त रकमको खर्च प्रमाणीत हुने कागजात पेश गरेको छैन । उक्त कार्यकोलागी स्थानीय तहले नियमीत अनुगमन समेत गरेको पाइएन । निकासा बमोजिमको स्वास्थ्य तथा सुरक्षा मापदण्ड विकासमा भएको सम्बन्धमा अनुगमन गरी खर्चको प्रमाण पेश हुनुपर्दछ । | |
| ४३ | १६८ | २०७८-२-१७ | **पाठयपुस्तक खरिद** | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७७।७८ मा निःशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत ईमिसमा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी यकीन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७८ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । नगरपालिकाले उक्त व्यवस्था विपरीत अन्तिम चौमासिकमा कक्षा १ देखि १० सम्मको IEMIS को विद्यार्थी संख्याको आधारमा हुने जम्मा रकम रु.४७३४९८३.०० को ९५ प्रतिशत रकम रु.४६९८२३४.०० निकासा गरेको छ । दोस्रो चौमासीकमा ७५ प्रतिशत निकासा गर्नुपर्ने र विद्यालयबाट पाठयपुस्तक खरीद बापत पेश भएको विल भरपाईको तथा विद्यार्थि संख्या समेत यकिन गरी थप रकम निकासा गर्नुपर्नेमा सत्यापन नगरी IEMIS को आधारमा हुने रकमको एकमुष्ट ९५ प्रतिशत रकम अन्तिम चौमासिकमा निकासा गरेको नियमसंगत देखिदैन । साथै उक्त विद्यालयहरुले पाठयपुस्तक खरिदको विल भर्पाइ पेश गरेको छैन । सम्बन्धित विद्यालयलाइ निकासा भए बमोजिमको पाठयपुस्तक अनुदान रकम अनुसारको विद्यार्थी संख्या यकिन गरी विल भर्पाइ पेश गर्नुपर्दछ । | |
| ४४ | २१९ | २०७८-३-२१ | **छात्रवृति**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७ मा ईमिसमा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ईमिस मा प्रविष्टि भएको तथ्यांकको आधारमा ४१ वटा विद्यालयमा रु.१९७६०००.०० छात्रवृति निकासा गरेको छ । ईमिसमा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्नेमा सो नगरेको नियमसंगत देखिदैन । कोभिड १९ रोगका कारण अर्धवार्षिक परीक्षा संचालन नभएकोले हेड काउन्ट नगरेको नगरपालिकाले जनाएको छ । साथै उक्त विद्यालयहरुले छात्रवृत्ति वितरणको भरपाई पेश नगरेकोले वितरणको भरपाई पेश गर्नुपर्ने रु. | १,९७६,००० |
| ४५ | | | **संघिय सशर्त कार्यक्रम**<br>**न्यानो झोला** - यस नगरपालिका अन्तर्गत ४ वटा स्वास्थ्य चौकीमा यस आर्थिक वर्षमा जम्मा ५८३ वटा गर्भवती भएको विवरण प्राप्त भएको छ । कार्यालयले भौचर २०।७।२५ बाट रु ४९८९४१। ७३ को ५५५ थान र २००-३।१७ बाट ४९९९१२ को ५६० थान गरी रु ९९८८५३.७३ को १११५ थान न्यानो झोला खरीद गरेको छ । यसरी गर्भवती संख्या भन्दा ५३२ वटा बढी खरीद भएकोमा आवस्यकताको पहिचान वेगर मौज्दात राख्ने प्रयोजनको लागी बढी खरिद गरेको अनियमित देखिएको रु. | ४७४,९१७ |
| ४६ | | | **पारिश्रमीक कर**<br>आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम करयोग्य आयको पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । पालिकाका देहायका कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा भएको नदेखिएकोले असुल गरी दाखिला हुनपर्ने रकम रु. | ४४८,६३७.२६ |
| ४७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जिवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस नगरपालिका अन्तर्गत ११ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ६४१ जनालाई औषतमा ३३ दिनसम्म रोजगारी उपलव्ध गराई रु.१०७८५१३७.०० श्रमिक ज्याला खर्च गरेको छ । नगरपालिकाकाले योजना छनौट गर्दा योजना दोहोरो नपर्ने गरी छनौट गर्नुपर्दछ । तर नगरपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकेन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षीत वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । | |
| ४८ | | | **प्राविधिक मूल्यांकन** | ८००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयले निर्माण कार्यको रकम भुक्तानी गर्दा प्राविधिक मूल्यांकन सहितको विल भरपाइको आधारमा भुक्तानी गर्नुपर्नेमा पोषण सुधारको लागी विद्यालयमा खानेपानी योजना निर्माण गर्न जनता मा.वि पंसेरालाइ रु.८००००.०० निकाशा दिएको छ । उक्त निकासावाट भएको खर्चको विल भरपाइ सहित प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | |
| ४९ | | | **संचित कोष दाखिला**<br>कार्यालयले संघिय सशर्त अनुदानवाट प्राप्त रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा संघिय संचित कोष दाखिला गर्नुपर्नेमा देहायका भौचर नं.वाट खर्च लेखिएको रकमवाट पेश्की फछ्र्यौट गर्दा प्राप्त भएको रकम संघिय संचित कोष दाखिला गर्नुपर्नेमा नगरपालिका संचित कोष दाखिला भएकोले उक्त रकम संघिय संचित कोष दाखिला हुनुपर्ने रु. | ५४८,२०० |

| भौ.नं मिति | व्यहोरा | रकम |
|---|---|---|
| २९८-२०७८।३।३१ | जनस्वसाथ्य अधिकृत विरेन्द्र कुमार दाशको रु.९८१०००.०० पेश्की फछ्र्यौट गर्दा बांकी रकम रु.४९०००.०० संघिय संचित कोष दाखिला हुनुपर्ने रु. | ४९०००.०० |
| २८९-२०७८।३।३१ | स्वास्थ्य शाखा प्रमुख जयकान्त पण्डितको रु.५११६०००.०० पेश्की फछ्र्यौट गर्दा बांकी रकम रु.३९९२००.०० फिर्ता गरेकोमा संघिय संचित कोष दाखिला गर्नुपर्ने रु. | ३९९२००.०० |
| २३५-२०७८।३।२४ | लैङ्गिक हिंसा निवारण कोष सन्चालनको लागी अनुदान दिएको रकम उक्त कोष सन्चालन नगरी नगरपालिका संचित कोषमा जम्मा गरेकोले उक्त रकम संघिय संचित कोष दाखिला हुनुपर्ने रु. | १०००००.०० |
| | जम्माः | ५४८२००.०० |

| | | | | |
|---|---|---|---|---|
| ५० | २२१ | २०७८-३-२१ | **फरक शिर्षक**<br>नगरपालिका अन्तर्गत ८ वटा स्थास्थ्य चौकीमा ५२ र स्वास्थ्य शाखामा ३ गरी ५५ दरबन्दि रहेकोमा पेश भएकोमा तलबी भर्पाइमा विभिन्न महिनामा ५५ देखि ५९ जना स्वास्थ्यकर्मचारीको पारीश्रमीक भुक्तानी भएको पाइयो । कार्यालयले स्वास्थ्यकर्मीहरुको जेष्ठ र अषाढ महिनाको पारिश्रमिक विभिन्न १२ वटा कार्यक्रम बाट रु.४८६४२७३.०० भुक्तानी गरेको छ । यस बर्ष छात्रवृत्ति करारमा थप भएका मेडिकल अधिकृत तथा छुट प्राविधिक ग्रेड भुक्तानी भएकोले तलब अपुग भएकोले फरक शिर्षकबाट भुक्तानी भएको कार्यालयले जनाएको छ । तोकिएको शिर्षक भन्दा बढीको खर्च लेखेको अनियमित देखिएको रु. | ४,८६४,२७३ |
| ५१ | | | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । नगरपालिकाले कार्यसम्पादनमा आधारित कार्यविधि र कार्य सम्पादन सूचक वेगर नगर कार्यपालिकाको निर्णयवाट कार्यालयवाट उपलब्ध विवरण अनुसार यो वर्ष विभिन्न ४१ कर्मचारीहरुलाइ रु.२२२२२२६.०० प्रोत्साहन भत्ता वितरण गरेको छ । कार्य सम्पादन सूचक र कार्यविधि र नगरपालिकाको आन्तरिक आयस्रोतको आंकलन नगरी प्रोत्साहन भत्ता भुक्तानी हुनु उचित देखिएन । | |
| ५२ | | | **दोहोरो भत्ता** | २०,४०० |

कार्यालयले न्यायिक समितिमा कार्यरत नगर उप प्रमुख लगायतका ५ जनालाइ वैठक भत्ता भुक्तानी गर्दा एकै दिन एक भन्दा वढी मुद्दा सुनुवाइ गर्दा मुद्दा पिच्छे अलग अलग भत्ता भुक्तानी गरेको पाइयो । एकै दिनको वैठकमा दोहोरो भत्ता भुक्तानी दिनमिल्ने नदेखिएकोले दोहोरो भत्ता भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

५३ **कर कट्टी** ६९६,७८०

आयकर ऐन. २०५८ को दफा ८८ मा भत्ता भुक्तानीमा १५ प्रतिशतले करकट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका पदाधिकारीहरुलाइ निम्नानुसार अनुगमन भत्ता भुक्तानी गर्दा १ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी गरेको छ । साथै के कुन योजनाको अनुगमन गरेको हो अनुगमन प्रतिवेदन समेत संलग्न नगरी अनुगमन भत्ता भुक्तानी गरेको छ । अनुगमन प्रतिवेदन संलग्न गरी भत्ता भुक्तानीमा नपुग १४ प्रतिशत कर असुल गरी राजश्व दाखिला हुनुपर्ने रु.

| पद | अनुगमन भत्ता भुक्तानी अवधी | भुक्तानी रकम | १५ प्रतिशतले करकट्टी गर्नुपर्ने रकम | १ प्रतिशतले करकट्टी भएको रकम | नपुग कर रकम |
|---|---|---|---|---|---|
| नगर प्रमुख | २०७६ कातिंक देखि २०७८ आषाढसम्म मासिक रु.९०००.०० का दरले | १८९०००.०० | २८३५०.०० | १८९०.०० | २६४६०.०० |
| नगर उप-प्रमुख | २०७७ श्रावण देखि २०७८ आषाढसम्म मासिक रु.७५००.०० का दरले | ९००००.०० | १३५००.०० | ९००.०० | १२६००.०० |
| वढा अध्यक्ष ११ | २०७६ कातिंक देखि २०७८ आषाढसम्म मासिक रु.६०००.०० का दरले | १३८६०००.०० | २०७९००.०० | १३८६०.०० | १९४०४०.०० |
| कार्पालिका सदस्य र वडा सदस्य ४६ | २०७७ श्रावण देखि २०७८ आषाढसम्म मासिक रु.६०००.०० का दरले | ३३१२०००.०० | ४९६८००.०० | ३३१२०.०० | ४६३६८०.०० |
| | | | | | ६९६७८०.०० |

५४ **प्रकोप व्यवस्थापन कोष**

नगरपालिकाले कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रणका लागि खाना खर्च रु.६२९५३३४.०० क्वारेन्टाइन संचालन खर्च स्वास्थ्य उपकरण, सामाग्री खरिद रु.४९२८९४३.५१, जोखिम भत्ता रु.४८०९७६५.८०, पारिश्रमीक रु.५२४५३४.००, कोभिड कोष (जि.स.स)मा अनुदान रु.४००००००.०० र अन्य रु.११७५८८१.०२ गरी रु.१८१३४४५८.३३ खर्च गरेको छ । उक्त खर्चको लेखापरीक्षण गर्दा क्यास बुक संग अधिकांश गोश्वारा भौचर नम्बर फरक पर्न गएको देखिएको छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन ।

:

**स्वास्थ्य सामाग्री खरिद र वितरणः** स्वास्थ सुरक्षा सामाग्री दाखिला तथा वितरण नगरपालिकाले कोभिड १९ रोग रोगथाम तथा नियन्त्रणको लागि विभिन्न औषधी तथा उपकरण खरिद गरी देहाय बमोजिम रु.४९२८९४३.५१ भुक्तानी गरेको छ। खरिद गरेका सामानको PAMS मा जिन्सी दाखिला नगरेको तथा उक्त सामाग्री वितरण, प्रयोगको अभिलेख राखेको छैन । यसरी पटक पटक सामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधिवाट समेत खरिद गरिएको छैन । प्राप्त सामानको आम्दानी तथा वितरणको अभिलेख पेश हुनुपर्दछ ।

| गो भौ नं र मिति | खरिद सामानको विवरण | आपूर्तकको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| २०-१०।२८ | तकिया, तन्ना तगायत | मैथुदिन वस्त्रालय | १०१९९३.८० | २ वटा विल बाट सोझै खरिद |
| २२-१०।२८ | फोल्डिङ्ग वेड, डलनप, वेड | मनकामना फेब्रिकेशन इन्जिनियरिङ्ग | ५०००००.०० | कोटेशन माग गरेको पत्र वेगर खरिद |
| २३-११।३ | स्यानिटाइजर, मास्क लगायत | एस° डि° इन्टरप्राइजेज | ३६३४१६.४१ | |
| ३१-११।३ | स्यानिटाइजर, मास्क लगायत | लक्ष्मी इन्टरप्राइजेज | १६४०१८.०० | |
| ५७-३।२२ | स्यानिटाइजर, मास्क लगायत | लक्ष्मी सर्जिकल | २८३५६१.०० | |
| ६५-३।२८ | अक्सिजन फ्लो मिटर | केयर हेडर्स प्रा° लि° | ५१९८०.०० | |
| ६६-३।२८ | स्यानिटाइजर, मास्क लगायत | दिव्यांसी सप्लायर्स | ४०८६७३.०० | |
| ६८-३।२८ | औषधि लगायत | जन आशिर्वाद फार्मेशी | ९९८१०.०० | |
| २७-१०।२८ | तकिया, बेडिङ लगायत | मैउदिन वस्त्रललय | १०१९९३.८० | |
| ७२-३।२९ | Oxygen concentrator, Cylinder | बायोमेडिकेयर सप्लायर्स प्रा°लि° | ४९६६००.०० | |
| ७८-३।३० | स्यानिटाइजर, मास्क लगायत | दिपक ट्रेडर्स एन्ड सप्लायर्स | ३६३४६४.५० | |
| २२-९।५ | अटोमेटिक सेनिटाइजर तथा थर्मल गन | न्यू माइक्रोल्याण्ड कम्प्यूटर एण्ड सप्लायर्स | १९९३४३३.०० | |
| **नगरपालिका चालु** | | | | |
| ५८९-२।१८ | मास्क, सेनिटाइजर, ग्लोभ्स आदी | चन्द्रइश्वर मेडीकल एण्ड सर्जिकल सेन्टर | १९९६०३.०० | |
| ७२७-३।२४ | मास्क, सेनिटाइजर, ग्लोभ्स आदी | - | १९३७८९.०० | |
| ८१४-३।३० | मास्क, सेनिटाइजर, ग्लोभ्स आदी | चन्द्रइश्वर मेडीकल एण्ड सर्जिकल सेन्टर | २४९०४४.०० | |
| | | जम्माः | ५५७१३७९.५१ | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | १० | २०७७-७-७ | **गाडी भाडा** | ३६०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यपालिकाको मिति २०७७।६।१२ को बैठकको निर्णयको ११ बाट आर्मी क्याम्प र इलाका प्रहरी कार्यालयको लागी लकडाउनमा अनुगमन गर्न २०७७।२।१ देखि ६।३० सम्म गाडी भाडा भुक्तानी गर्ने गरी निर्णय गरी मासिक रु.१००००००.०० को दरले प्रदिप कुमार साह संग सम्झौता गरी जेष्ठ देखि भदौ सम्मको भुक्तानीको लागी निवेदनको आधारमा रु.४००००००.०० खर्च लेखी गाडी धनीलाइ रु.३६०००००.०० भुक्तानी भएको छ । उक्त गाडी आर्मी क्याम्प र इलाका प्रहरी कार्यालयले प्रयोग गरेको प्रमाण संलग्न नगरी खर्च लेखेको नियमित देखिएन रु. | |
| ५६ | | | **क्वारेन्टाइन संचालन खर्च**<br>कार्यपालिकाको मिति २०७७।३।१७ को निर्णय नं ५ मा नगरपालिका अन्तर्गत संचालनमा रहेका क्वारेन्टाइन तथा आइसोलेसनमा भर्ना भएका व्यक्ती तथा कर्मचारीहरुको लागी खाना तथा खाजा वापतको दैनिक रु ५२९ मा नियमानुसार कर कट्टा गरी भुक्तानी गर्ने उल्लेख छ । नगरपालिकाको विभिन्न स्थानमा क्वारेन्टइन संचालन गरी खाजा खाना वापत निम्नानुसारका कर्मचारीलाइ भुक्तानी भएकोमा स्रेस्ता साथ पेश भएको क्वारेन्टाइनमा वसेकाको व्यक्तीहरुको सम्पर्क नम्बर, स्थायी ठेगाना, बुबाको नाम, विरामी चेक जाँच सम्बन्धि विवरण पूर्ण रुपमा उल्लेख रहेको पाइएन । साथै उक्त खर्च पुष्टी हुने विल भर्पाइ संलग्न नगरी खर्च रकममा १५ प्रतिशत कर कट्टा गरी भुक्तानी गरेको छ । कार्यालयको कर्मचारी मार्फत अमानतमा काम गराउँदा खर्चको विल भर्पाइ पेश हुनुपर्ने तथा क्वारेन्टाइन संचालनको लागी खाना खाजा वापतको रकममा १५ प्रतिशतले हुने कर कट्टा गर्न नहुनेमा खर्च पुष्टी हुने आधार प्रमाण बेगर भुक्तानी भएको नियमसंगत देखिदैन । उक्त कर रकम बाहेक भुक्तानि भएको रकमको खर्च पुष्टि हुने विल भर्पाइ संलग्न गरी खर्च पुष्टी हुने प्रमाण पेश हुनुपर्ने रु. | ५,१२१,४२३ |

| गो भौ नं र मिति | भुक्तानी पाउने | खर्च रकम | भुक्तानि रकम | कैफियत |
|---|---|---|---|---|
| ६-७।६ | जिव नारायण चौधरी | १३५२१२४ | ११४९३०५.४ | भसराज मावि क्वारेन्टाइनमा ०७७।४।१ देखि असोज १२ सम्म २२५९ दिन |
| ७-७।६, ३-७।५ | मो° जाकिर हुसैन | २०६३६२९ | १७५४०८४.६४ | स्वा° चौकी बजराहिगुठी र ज°मा°वि° लालपटीमा ०७७।३।१५ - ६।३० सम्म २९०१ दिन |
| ९-७।२४ | मो° जाकिर हुसैन | ४६४४६२ | ३९४७९२.७ | ज°मा°वि°, मैनासहश्रवाहु क्वारेनेटाइनमा ८७८ जनालाइ गत वर्षको भुक्तानी बाँकीको कच्चावारी अनुसार भुक्तानी |
| १७-८। २४ | मो° जाकिर हुसैन | ४९०७७२ | ४९०७७२ | ०७६ चैत्र देखि वैशाख सम्म विभिन्न क्वारेन्टाइनको जम्मा १४९०७२२ खर्च लेखेकोमा १० लाख गत वर्ष पे°फ° गरेको, निजले २२३६०८।३ कर दाखिला गरेकोमा गत वर्षको भुक्तानी बाँकीको कच्चावारी अनुसार भुक्तानी |
| २१-१०। २९ | जिव नारायण चौधरी | ८२१३४७ | ८२१३४७ | भ. स. रा. ज. मावि क्वारेन्टाइनमा ३४४३ दिनको जम्मा १८२१३४७।०५ खर्च लेखेकोमा १० लाख गत आ° व° मा पेश्की फर्छ्यौट गरी गत वर्षको भुक्तानी बाँकीको कच्चावारी अनुसार भुक्तानी |
| ४१-१। १६ | मो° जाकिर हुसैन | ६०३००० | ५११११२ | स्वा चौकी बज्राहीगुठी ०७७-६।११-८।३० सम्म ९७४ दिनको |
| | जम्माः | | ५१२१४२३.७४ | |

| क्र.सं. | | | विवरण | रकम |
|---|---|---|---|---|
| ५७ | | | **जोखिम भत्तामा कर कट्टा**<br>कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को (७क) मा उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा बिरामीको नमूना संकलन गर्ने जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत, (७ख) मा बिरामीहरुको उपचारमा अप्रत्यक्ष संलग्न र ईमेजिङ्ग सेवा प्रदायक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचहत्तर प्रतिशत, (७ग) मा कोभिड-१९ को महामारी शुरु भइसके पछि स्थापना भएका हेल्थ डेस्कमा खटिएका जनशक्ति तथा नमूना | ४१९,१२७.४२ |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्याकिङ्ग तथा ओसारपसारमा संलग्न तथा बिरामीहरुको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचास प्रतिशत जोखीम भत्ता उपलब्ध गराउने उल्लेख छ । साथै आयकर ऐन २०५८ को दफा ८८ मा भत्ता भुक्तानीमा १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष आइसोलेसन, क्वारेन्टाइन, हेल्प डेस्कमा प्रत्यक्ष र अप्रत्यक्ष खटिएका पदाधिकारी, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाइ जोखिम भत्ता वापत रु. ४८०९७६५.८० भुक्तानी गरेको छ । निम्नानुसारको पदाधिकारी तथा कर्मचारीलाइ भौचर ७५-३।३० र ४४-१।१६ बाट अनुगमन, क्वारेन्टाइन खटेको, राहत वितरण, हेल्प डेस्क फिबर क्लिनीकमा काम गरेको वापत गत बर्षको भुक्तानी बाँकी सहित जोखिम भत्ता भुक्तानी गरेकोमा १ प्रतिशत मात्र कर कट्टा गरेको छ । नियामानुसारको १४ प्रतिशतले हुने घटी कर असुल गर्नुपर्ने रु. |

| क्र सं | नाम | जोखिम भत्ता रकम | घटी कर | | क्र सं | नाम | जोखिम भत्ता रकम | घटी कर |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगरप्रमूख हेमायू हक | ११२५०० | १५७५० | | ५० | सि.अ.न.मी. कौश्लया कूमारी चौधरी | १४१०० | १९७४ |
| २ | इ.महिनारायण चौधरी | ४०३८० | ५६५३.२ | | ५१ | अ.न.मी. सृजना कूमारी चौधरी | १३३०५ | १८६२.७ |
| ३ | लेखा अ. रामसेबक साह | २६९९२.५ | ३७७८.९५ | | ५२ | अ.हे.ब. चन्द्र नारायण साह | १३३०५ | १८६२.७ |
| ४ | प्र. अ. रमाकान्तचौधरी | २६९९२.५ | ३७७८.९५ | | ५३ | अ.हे.ब. कृषण देब साह हलूवाई | १३३०५ | १८६२.७ |
| ५ | सु. प्र.अ. मनोजकूमार साह | २६९९२.५ | ३७७८.९५ | | ५४ | सि.अ.हे.ब.अ. शिबनारायण चौधरी | १७९९५ | २५१९.३ |
| ६ | सहलेखापाल धूूरब प्रकाश बिश्वकर्मा | २६६१० | ३७२५.४ | | ५५ | सि.अ.हे.ब.अ. बैद्यनाथ साह | १७९९५ | २५१९.३ |
| ७ | खरिदार प्रतिकला रसाईली | २६६१० | ३७२५.४ | | ५६ | अ.न.मी. गूलाबदेबी साह | १४१०० | १९७४ |
| ८ | भण्डा प्रमूख धनराज साहू | २८२०० | ३९४८ | | ५७ | अ.हे.ब. नरेन्द्र कूमार मणडल | १४३४० | २००७.६ |
| ९ | कम्पयूटर अपरेटर मनोजकूमार साह | २११५० | २९६१ | | ५८ | सि.अ.हे.ब.अ. शिबनारायण चौधरी | १८३१५ | २५६४.१ |
| १० | पोषण स्व. लक्ष्मी कुमारी चौधरी | ७५०० | १०५० | | ५९ | हे.अ. प्रमोद कूमार यादब | १४१०० | १९७४ |
| ११ | जन.स्वा.अ. जयकान्त पंडीत | ८५२०७.५ | ११९२९.०५ | | ६० | अ.न.मी. शन्ति कूमारी पासमान | १४१०० | १९७४ |
| १२ | जन.स्वा.निरिक्षक वीरेन्द्र कूमार दास | ८०९७७.५ | ११३३६.८५ | | ६१ | अ.न.मी. अन्जू कूमारी चौधरी | १४१०० | १९७४ |
| १३ | सि.अ.हे.ब.अ. दिनेश झा | ८०९७७.५ | ११३३६.८५ | | ६२ | अ.हे.ब. सूधा कूमारी चौधरी | १३३०५ | १८६२.७ |
| १४ | क्षय. अ. गून्जेश्वर प्रसाद यादब | ८०९७७.५ | ११३३६.८५ | | ६३ | बिकास सहजकर्ता अमरकूमार यादब | १४१०० | १९७४ |
| १५ | का.स.पांचो देब नारायणयादव | ४६४९७.५ | ६५०९.६५ | | ६४ | सि.अ.हे.ब.अ. राजेन्द्र प्रसाद साह | १७९९५ | २५१९.३ |
| १६ | जन.स्वा.अ. कपिलदेबसाह | ८५२०७.५ | ११९२९.०५ | | ६५ | हे.अ. गजेन्द्र प्रसाद साह | १४१०० | १९७४ |
| १७ | ल्याब आ विधानन्दचौधरी | १५२९५८ | २१४१४.१२ | | ६६ | अ.न.मी. खूशबू कूमारी चौधरी | १३३०५ | १८६२.७ |
| १८ | ल्या.अ. नारायण साह | ५९८७२.५ | ८३८२.१५ | | ६७ | मे.अ. शिशिर श्रेष्ठ | २०१९० | २८२६.६ |
| १९ | सि.अ.हे.ब.अ. मो.जाकिर हूसेन | १७०९५२.५ | २३९३३.३५ | | ६८ | मे.अ.अजय कूमार चौधरी | २०१९० | २८२६.६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | हे.अ. सूभाष चौधरी | १३३९५० | १८७५३ | | ६९ | चालक राजेन्द्र प्रसाद चौधरी | ५९५१० | ८३३१.४ |
| २१ | अ.न.मी शेभाा कूमारी चौधरी | २११५० | २९६१ | | ७० | चालक जगरनाथमण्डल खत्बे | १२१७२.५ | १७०४.१५ |
| २२ | अ.हे.ब. कौशिला कूमारी चौधरी | १९९५७.५ | २७९४.०५ | | ७१ | का.स. कृष्ण कुमार यादव | २४३४५ | ३४०८.३ |
| २३ | अ.हे.ब. गया प्रसाद चौधरी | १२६३९८ | १७६९५.७२ | | ७२ | का.स. मूकेश कूमार चौधरी | ३२४६० | ४५४४.४ |
| २४ | अ.हे.ब. राम कृष्ण चौधरी | १२६३९८ | १७६९५.७२ | | ७३ | का.स. कून्दन कूमार साह | २४३४५ | ३४०८.३ |
| २५ | हे.अ. जिबनारायण चौधरी | ५२८७५ | ७४०२.५ | | ७४ | का.स. दूर्गानन्द साह | २४३४५ | ३४०८.३ |
| २६ | हे.अ. अभिषेक चौधरी | ४२३०० | ५९२२ | | ७५ | स्वीपर पबनी देबी मरिक | ६७००० | ९३८० |
| २७ | सि.अ.हे.ब.अ. रामनारायण मण्डल | ३५९९० | ५०३८.६ | | ७६ | स्वीपर समसूल अन्सारी | १६२३० | २२७२.२ |
| २८ | सि.अ.हे.ब.अ. गोपाल प्रसाद साह | १७९९५ | २५१९.३ | | ७७ | स्वीपर मनोज मरिक | २७००० | ३७८० |
| २९ | हे.अ. श्याम सून्दर साह | १४१०० | १९७४ | | ७८ | स्वीपर रेखा मरिक | २७००० | ३७८० |
| ३० | स्टाफ नर्स मञ्जू गूप्ता | १४१०० | १९७४ | | ७९ | चालक हसमत मिंया | १३५०० | १८९० |
| ३१ | अ.न.मी. सबिता साह | १३३०५ | १८६२.७ | | ८० | चालक प्रबेज आलम | १२००० | १६८० |
| ३२ | अ.न.मी. रितादेबी ठाकूर | १३३०५ | १८६२.७ | | ८१ | का.स. मो.सूदिन | १२००० | १६८० |
| ३३ | अ.न.मी. मञ्जू कूमारी मण्डल | १३३०५ | १८६२.७ | | ८२ | का.स. बिनोद कूमार साह | ४४३४५ | ६२०८.३ |
| ३४ | अ.हे.ब. राजकूमार साह | १३३०५ | १८६२.७ | | ८३ | शिक्षक हारुन रसिद | २६६१० | ३७२५.४ |
| ३५ | जनस्वास्थय निरिक्षक शिबनारायण साह | १८३१५ | २५६४.१ | | ८४ | सूरक्षाकर्मी महेश कूमारमण्डल | २३३०५ | ३२६२.७ |
| ३६ | सि.अ.हे.ब.अ. फुलगेन्द्र चौधरी | १७९९५ | २५१९.३ | | ८५ | सूरक्षाकर्मी शिबशंकर ठाकुर | १३३०५ | १८६२.७ |
| ३७ | अ.न.मी. पूनम कूमारी चौधरी | १४१०० | १९७४ | | ८६ | का.स. रामदेब चौधरी | १८००० | २५२० |
| ३८ | अ.न.मी. प्रतिमा कूमारी गूप्ता | १३३०५ | १८६२.७ | | ८७ | का.स. मि लाल चौधरी | १८००० | २५२० |


https://nams.oag.gov.np

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३९ | अ.हे.ब. रबिन्द्र प्रसाद चौधरी | १३३०५ | १८६२.७ | | ८८ | सफाईकर्मी सियारामपासमान | १८००० | २५२० |
| ४० | अ.हे.ब. परशूराम यादब | १३३०५ | १८६२.७ | | ८९ | सफाईकर्मी आशादेबी चौधरी | १८००० | २५२० |
| ४१ | सि.अ.हे.ब.अ. शिबनारायण चौधरी | १७९९५ | २५१९.३ | | ९० | प्रहरी आनन्द चौधरी | १९९५७.५ | २७९४.०५ |
| ४२ | सि.अ.हे.ब.अ. श्रबण कूमार चौधरी | २३९९३.३३ | ३३५९.०६ | | ९१ | प्रहरी राज थापा | १९९५७.५ | २७९४.०५ |
| ४३ | हे.अ. बिन्दू यादब | १४१०० | १९७४ | | ९२ | सूरक्षाकर्मी सुष्माखडका | १९९५७.५ | २७९४.०५ |
| ४४ | अ.न.मी. कबिता कूमारी चौधरी | १३३०५ | १८६२.७ | | ९३ | का.स. निर्मल कूमारीसिहूल | ८११५ | ११३६.१ |
| ४५ | अ.न.मी. रेणू कूमारी सरदार | १३३०५ | १८६२.७ | | ९४ | का.स. श्याम कूमारचौधरी | ८११५ | ११३६.१ |
| ४६ | अ.न.मी. सूनिता कूमारी महतो | १३३०५ | १८६२.७ | | ९५ | का.स. कृपानन्द चौधरी | ८११५ | ११३६.१ |
| ४७ | अ.हे.ब. देबनारायण शर्मा | १३३०५ | १८६२.७ | | ९६ | का.स. फतमा खातून | ८११५ | ११३६.१ |
| ४८ | सि.अ.हे.ब.अ. लक्ष्मी प्रसाद चौधरी | १७९९५ | २५१९.३ | | | | | |
| ४९ | हे.अ. शोक्वील मिण्डल थारु | १४१०० | १९७४ | | | कूल जम्मा | २९९३७६७.३ | ४१९१२७.४ |

| | | | | |
|---|---|---|---|---|
| ५८ | १५ | २०७७-८-१५ | **कार्यसम्पादन प्रतिवेदन**<br>वडा नं. ९ अन्तरगत श्री ज.मा.वि. लालपट्टी क्वारेन्टाइनमा ट्वाइलेट निर्माण र चापाकल जडानको लागि रु.१४४५०२.१५ को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत निर्माण गराइ मो.हासन रसिदलाइ रु.१३००००.०० भुक्तानी गरेको छ । उक्त कार्यको प्राविधिक मुल्याङ्कन, कार्यसम्पादन प्रतिवेदन पेश नभएको रु. | १३०,००० |
| ५९ | | | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| ५९.१ | | | **अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा नगरकार्यपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम नगरपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।<br>**लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिन | |

| | | | | |
|---|---|---|---|---|
| | | | भित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन ।<br>**पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीय तहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले सो बमोजिम कार्य गरेको देखिएन । | |
| ५९.२ | | | **मृत्यु पश्चात भत्ता निकाशाः** नगरपालिकाको ११ वडा मध्ये नमूना छनौटको आधारमा ४ वटा वडाको लगत कट्टाको परीक्षण गरिएकोमा वडा नं.२ को ना.प्र.प.नं. ८७०३१९५९ का बौवालाल सिंह दनुवारको मिति २०७७।८।२४ मा मृत्यु भएकोमा निजको खातामा पुरै आर्थिक वर्षको निकासा गएकोले मृत्यु पश्चातको ७ महिनाको भत्ता रकम वैंकवाट फिर्ता लिइ राजश्व राखिला गर्नुपर्ने रु.२१०००.०० र सोही वडाका ना.प्र.प.नं. ८७०३२००२ का मंगल चौधरीको २०७७।१२।६ मा मृत्यु भएकोमा पुरै आर्थिक वर्षको निकासा भएकोले मृत्यु पश्चात ३ महिनाको भत्ता रकम रु.९०००.०० समेत रु.३००००.०० असुल गरी राजश्व दाखिला हुनुपर्ने रु. | ३०,००० |
| ५९.३ | | | **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरणको लागी वडा नं.१ देखि ५ सम्मको लागी प्राइम कमर्सियल वैंक मार्फत भत्ता वितरण गर्न रु.६२२२४६१५.०० र वडा नं.६ देखि ११ सम्मको लागी सृजना फाइनान्स लिमिटेड मार्फत भत्ता वितरण गर्न रु.७१२०५५४७.०० समेत जम्मा रु.१३३४३०५६२.०० निकासा भएकोमा उक्त दुइ वित्तिय संस्थाले भत्ता वितरण गरी बांकी रकम रु.१२३९४००.०० मिति २०७८।८।१३ मा संघिय संचित कोष दाखिला गरेको छ । कार्यविधि अनुसार आषाढ मसान्तमानै फिर्ता गर्नुपर्ने रकम ढिलो गरी फिर्ता हुनु नियमसम्मत देखिएन । | |
| ६० | | | सम्परीक्षण<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ बमोजिम लेखापरीक्षणबाट बेरुजु फस्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। नगरपालिकाले लेखापरीक्षण अविधमाबेरुजु फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरेकोमा देहाय बमोजिम रु ९३९०४६२४ नगरपालिकाले गरेको फछ्र्यौट मनासिव देखिएकोले संपरीक्षण गरीएको छ । बाँकी बेरुजु फछ्र्यौट गर्न कार्यालयले पहल गर्नु पर्दछ । | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्योटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | ५७ | सि.अ.हे.व गुन्जेश्वर प्रसाद यादव | | | | ३११००० | ३११००० |
| | २०७६।७७ | ५७ | हे.अ जिव ना. चौधरी | ८००० | | | १००००० | १००००० |
| | २०७६।७७ | ५७ | हे.अ जिव ना. चौधरी | | | | २०५९२०० | २०५९२०० |
| | २०७६।७७ | ५७ | शि.अ.हे.व मो.जाकिर हुसेन | ५०३५०० | | | ५०३५०० | ५०३५०० |
| | २०७६।७७ | ५७ | शि.अ.हे.व मो.जाकिर हुसेन | ७००००० | | | ७००००० | ७००००० |
| | २०७६।७७ | ५७ | शि.अ.हे.व मो.जाकिर हुसेन | ९००६८ | | | २३०००० | २३०००० |
| | २०७६।७७ | ५७ | सव.इ. राधेकृष्ण साह | | | | १००००० | १००००० |
| | २०७६।७७ | ५७ | वडा सचिव धर्मेन्द्र मण्डल | | | | १००००० | १००००० |
| | २०७६।७७ | ५७ | वडा सचिव धर्मेन्द्र मण्डल | | | | ३१३९६०० | ३१३९६०० |
| | २०७६।७७ | ५७ | वडा सचिव वलराम यादव | | | | १००००० | १००००० |
| | २०७६।७७ | ५७ | वडा सचिव वलराम यादव | | | | २१६२४०० | २१६२४०० |
| | २०७६।७७ | ५७ | वडा सचिव इन्द्र ना.मण्डल | | | | ५९५२००० | ५९५२००० |
| | २०७६।७७ | ५७ | वडा सचिव जगत कु. मण्डल | | | | ३९१७६०० | ३९१७६०० |
| | २०७६।७७ | ५७ | वडा सचिव खोजेन्द्र प्रसाद मण्डल | | | | ४२०६४०० | ४२०६४०० |
| | २०७६।७७ | ५७ | वडा सचिव राम ना.चौधरी | | | | १५०००० | १५०००० |
| | २०७६।७७ | ५७ | वडा सचिव राम ना.चौधरी | | | | ३९९१६०० | ३९९१६०० |
| | २०७६।७७ | ५७ | वडा सचिव जिवनेश्वर प्रसाद साह | | | | १५०००० | १५०००० |
| | २०७६।७७ | ५७ | वडा सचिव जिवनेश्वर प्रसाद साह | | | | ४२५८२०० | ४२५८२०० |
| | २०७६।७७ | ५७ | वडा सचिव शारदा प्रसाद वर्मा | | | | १५०००० | १५०००० |
| | २०७६।७७ | ५७ | वडा सचिव शारदा प्रसाद वर्मा | | | | ४१७३००० | ४१७३००० |
| | २०७६।७७ | ५७ | वडा सचिव राजेश कु.कर्ण | | | | १५०००० | १५०००० |
| | २०७६।७७ | ५७ | वडा सचिव राजेश कु.कर्ण | | | | ४९९९६०० | ४९९९६०० |
| | २०७६।७७ | ५७ | सु.प्र.अ मनोज कु. साह | | | | २००१२०० | २००१२०० |
| | २०७६।७७ | ५७ | प्राइम कमर्सियल वैंक | ५५४०० | | | १८६५३४०० | १८६५३४०० |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७६।७७ | ५७ | सृजना फाइनान्स | १३९२०० | | | २०३३९६०० | २०३३९६०० |
| | २०७६।७७ | ५७ | ना.सु धनराज साह | | | | १०००००० | १०००००० |
| | २०७६।७७ | ५७ | ओमसाइ कन्स्ट्रक्सन | | | | ८२४१३२४ | ८२४१३२४ |
| | २०७६।७७ | ५७ | कन्चन भोलेनाथ जे.भी | | | | १९६५००० | १९६५००० |
| | २०७६।७७ | ५७ | प्रवल कुमार सिंह | १००००० | | | १००००० | १००००० |
| | | | | १५९६१६८ | | | ९३९०४६२४ | ९३९०४६२४ |

माथी उल्लेखित पेश्की वेरुजू फछर्यौट गर्दा रु.१५९६१६८.०० असुल भइ संचित कोष दाखिला भएको छ ।

६१

अद्यावधिक वेरुजु

यस नगरपालिकाको २०७७।७८ सम्मको फछर्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| *२०३७५२* | *९३९०४* | *५५९२३* | *०* | १६५७७१ |